


PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com




❖ वर्ष ३४ ❖ २०७८ साउन २७ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 August 11 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३४४

## नारायणीको आइसियूको अवस्था नाजुक

प्रस, वीरगंज, २६ साउन/

नारायणी अस्पतालको आइसियू अहिले भद्रगोल अवस्थामा छ। पाँच शय्याको आइसियू अहिले वातानुकूलित छैन। औषधिको अभाव छ।

त्यसैगरी, पर्याप्त जनशक्ति पनि नहुँदा सेवा दिन अप्ठेरो परेको त्यहाँ कार्यरत कर्मचारीले गुनासो गरेका छन्। कोरोना सङ्क्रमण बढेपछि आइसियू अस्तव्यस्त भएको हो। आइसियू रहेको पुरानो ठाउँमा कोरोना सङ्क्रमितको लागि शय्या बनाइएको र आइसियूलाई अन्यत्र सारिएकोमा अहिले व्यवस्थापनमा कमजोरी देखिएको हो।

गर्मीयाममा आइसियूमा एसी जडान नहुँदा बिरामीहरूलाई समस्या भएको छ। सहायक कर्मचारीको व्यवस्थापन नहुँदा सो कक्षमा जोसुकै मानिस जुनसुकै बेला आउजाउ गर्ने हुनाले बिरामीहरूमा सङ्क्रमण फैलिन सक्ने कर्मचारीहरू बताउँछन्।

नारायणी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा वीरेन्द्र प्रधानले वातानुकूलित मेशिन आइसकेको तर जडानमा तत्काल समस्या रहेको बताए। उनले अस्पतालको विद्युत् क्षमताले नभ्याएको र ट्रान्सफर्मर जडान गर्न दुई साता लाग्ने बताए। सो अवधिसम्म आइसियूको वैकल्पिक व्यवस्था गर्नेतर्फ विचार भइरहेको बताए।

१८ शय्याको एचआइडिसियूमा तत्काल आइसियूलाई व्यवस्थापन गर्ने तयारी भइरहेको उनले बताए।


नारायणी अस्पतालको आइसियू कक्ष। तस्वीरः सुषमा शर्मा

## निजी खेत बचाउन स्वीकृतिविना विद्युतीय संरचना अन्तै सारियो

राधेश्याम पटेल, परवानीपुर, २५ साउन/

नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र वीरगंजको सेवा क्षेत्र पर्ने बारा, विश्रामपुर गापा-३ मुसहर्वा गाउँमा आर्थिक चलखेलमा निजी खेत बचाउन विद्युत् संरचना अन्तै सारिएको घटना सार्वजनिक भएको छ। सो वडाका वडा अध्यक्ष शिवचन्द्र यादव, विद्युत् कर्मचारी र ठेकेदार कम्पनीको मिलेमतोमा नियम विपरीत काम भएको गाउँलेहरूले बताएका छन्।

वडा अध्यक्ष शिवचन्द्र यादवको काका पर्ने किशोरी यादव र गया कलवारको करीब एक बिघा जग्गाबाट विद्युत् पोल हटाउन उक्त संरचना सार्ने काम भइरहेको हो। उनीहरूको खेत भएर गएको विद्युत् लाइन हटाएर मुसहर्वा वडा नं ३ वडा कार्यालय हुँदैं वडा नं ४ पस्ने कलभर्टसम्म विद्युत् लाइन सार्ने काम भइरहेको हो।

निजी खेतबाट करीब ८ वटा विद्युत् पोल हटाएर सडक छेउ भएर लैजान खोजिएको थियो। तर गाउँलेको विरोधको कारण गत शुक्रवार उक्त कार्यमा अवरोध सृजना भएको छ।

वितरण केन्द्र प्रमुख शम्भु कुशियत राय यादवले थाहा पाएपछि कर्मचारी र वडा अध्यक्षसँग मौखिक स्पष्टीकरण सोधेका थिए। प्राधिकरणको स्वीकृतिबेगर कुनै पनि विद्युत् लाइन अन्त सार्ने प्रावधान नरहेकोले उनले पुरानै अवस्थामा विद्युत् पोल गाड्न र लाइन चालू गर्न निर्देशन दिएका थिए। त्यसपछि शुक्रवार सडक छेउबाट दुईवटा पोल उखेलेर काम शुरू गरेका थिए।

यस विषयमा वडा अध्यक्ष यादवसँग बुझ्दा उनले गाउँलेको भलाईको लागि विद्युत् कर्मचारी र बारा त्रिवेणीको मण्डलजी भनिने ठेकेदारबाट उक्त काम गराउन खोजेको स्वीकार गरे। तर पछि विद्युत्का हाकिम साहेबको कुरा सुनेर

(बाँकी अन्तिम पातामा)


निजी खेत बचाउन अन्तै सारिएका विद्युतीय संरचना देखाउँदै स्थानीय। तस्वीरः प्रतीक

## गत वर्ष १० हजार ७२९ पिन्ट रगत सङ्कलन

प्रस, वीरगंज, २६ साउन/

रक्त सञ्चार केन्द्र वीरगंजले गत आव २०७७/७८ मा विभिन्न उमेर समूहबाट १० हजार ७२९ पिन्ट रगत सङ्कलन भएको जनाएको छ।

केन्द्रका प्रमुख प्राविधिक सौरभराज पाण्डेयले सबैभन्दा बढी १८ देखि ३० वर्षका युवाहरूबाट ६ हजार ६ सय पिन्ट रगत सङ्कलन भएको बताए। यसैगरी, ३१ देखि ४० वर्षका २२२८, ४१ देखि ५० वर्षका ११०५ र ५१ देखि ६० वर्षका ७९६ जनाबाट गत वर्ष १० हजार ७२९ पिन्ट रगत सङ्कलन भएको उनले बताए।

प्राविधिक प्रमुख पाण्डेले १० हजार ७२९ पिन्ट रगत सङ्कलन भएपनि ११ हजार ३३४ पिन्ट रगत वितरण भएको बताए। उनले थप रगत शोधभर्नाबाट पूर्ति गरिएको जानकारी गराए। गत वर्षको तथ्याङ्क अनुसार सबैभन्दा बढी रगत महिलाहरूमा खपत भएको उनले बताए। ८ हजार ५ जना महिला र ३ हजार ८८० जना पुरुषलाई रगत वितरण गरिएको उनले जानकारी गराए।

प्राविधिक प्रमुख पाण्डेले वितरण भएको ११ हजार ३८५ रगतमध्ये होल ब्लड ९ हजार ८११ पिन्ट, प्याकसेल ८५०, एफएफपी ८०, पिपिआर ६१० र प्लेटलेट्स कन्सेन्ट्रेटबाट ३४ गरी ११ हजार ३८५ रगत पिन्ट भएको बताए।


गत वर्ष भएका रक्तदान कार्यक्रम। तस्वीरः फाइल

## लागूऔषध र मदिराको कुलतमा फस्दै युवाहरू

बलिराम शुक्ला, बिरुवागुठी, २६ साउन/

पर्साका ग्रामीण भेगमा रहेका युवाहरू लागूऔषध र मदिराको कुलतमा फस्दै गइरहेका छन्।

पर्सागढी, बहुदरमाई नगरपालिका, सखुवाप्रसौनी, पटेर्वासुगौली गाउँपालिकालगायतमा १५ देखि ३५ वर्षसम्मका युवाहरू लागूऔषध तथा मदिरा सेवनतर्फ लागेका छन्।

एकान्त ठाउँ, मठजस्ता स्थानमा जम्मा भई युवाहरू गाँजा, सुलेशन, नशालु औषधि र पाउडर सेवन गर्छन् भने केही युवा भट्टीमैं मदिरासेवन गर्छन्।

लागूऔषध तथा मदिरा सेवनका कारण उनीहरूको घरमा प्रायः झगडा भई घरेलु हिंसा बढेकामा स्थानीयवासी चिन्तित छन्।

कोरोना महामारीको कारण रोजगार गुमाएका युवा तथा विद्यालय बन्द भएपछि विद्यार्थीहरू बरालिएर लागूऔषध र मदिराको कुलतमा लागेका छन्।

केही अभिभावकले कुलतमा फसेका युवाहरूलाई दुर्व्यसनी सुधार केन्द्र पठाउन थालेका छन्।

यो वर्ष मात्र पर्सागढी नगरपालिकाबाट करीब आधा दर्जन युवालाई सुधार केन्द्र पठाइएको छ।

लागूऔषध प्रयोगकर्ता र अवैध घरेलु मदिराका सेवनकर्ताहरू बढिरहे पनि सो नियन्त्रणतर्फ स्थानीय सुरक्षाकर्मी तथा जनप्रतिनिधिहरूले खासै चासो देखाएका छैनन्।


मदिरा खाएर लडेका एकजना व्यक्ति। तस्वीरः प्रतीक

## ८ महिलासहित ५१ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, २६ साउन/

हाम्रो युवा समूह जीतपुरसिमरा उपमहानगर-१४ राजघट्टामा आयोजित रक्तदान कार्यक्रममा आठजना महिलासहित ५१ जनाले रक्तदान गरेका छन्।

रक्त सञ्चार केन्द्र वीरगंजका प्राविधिक धीरेन्द्र झाले मङ्गलवार आयोजित रक्तदान कार्यक्रममा रामप्रसाद शर्मा, रञ्जीता पौडेल, साबुन लामा, प्रदीप चौधरी, हरिकिशोर महतो, अशोक शर्मा, विनोद रिमाल, नितेश उप्रेती, निकिता थापालगायतले रक्तदान गरेको बताए।



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।

eprateekdaily.com

### रक्तदान गरौं

**प्रतीक दैनिक** ३५औं वर्षमा प्रवेश गर्न लागेको शुभ अवसरमा यस दैनिकको कार्यालय, त्रिमूर्ति सिनेमाहलनजीक श्रीपुर, वीरगंजमा साउन ३० गते शनिवार हुने रक्तदान कार्यक्रममा बिहान ७:३० देखि १०:३० बजेसम्म उपस्थित भई रक्तदान गर्नुहुन सम्पूर्ण रक्तदातामा अनुरोध छ।

**रक्तदान गर्न सक्ने अवस्था** : उमेर १८-६० वर्ष। तौल ४५ किलोभन्दा बढी र कुनै शारीरिक समस्या नभएको।

-प्रतीक दैनिक

कोभिड-१९ रोग जो कसैलाई पनि हुन सक्दछ, सङ्क्रमणको आशङ्कामा सामाजिक विभेद नगरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## विचारसार र सूक्तिहरू

**जीवन सुकमेल र मेहदीजस्तै हो। अप्ठ्याराहरूले जति पिन्छ, बास्ना र रङ्ग बढ्दै जान्छ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# निजी प्रयोगमा सडक

**सार्वजनिक सडकलाई निजीरूपमा प्रयोग गर्ने विकृति बढेको छ। विशेषगरी नगर क्षेत्रमा जथाभावी सवारी पार्किङ गर्ने, पसल तथा ग्यारेजको सामान राख्ने, निर्माण सामग्री थोपर्ने गरिँदै छ भने ग्रामीण क्षेत्रका सडकमा बिस्कुन सुकाउने, दाउरा–घाँस राख्ने, घरेलु चौपाया बाँध्नेलगायतका विकृति छ । सार्वजनिक सडक यसरी कब्जा गर्दा आपत्विपतको बेला एम्बुलेन्स, वारुणयन्त्रसमेत गुड्ने ठाउँ छैन । वीरगंज महानगरको फूलबारी टोल, रानीघाट, भिस्वाआसपासका सडकहरूमा अहिले मोटरसाइकलसमेत चल्न सक्ने अवस्था छैन । कतै निजी त कतै निर्माण कम्पनीले निर्माण सामग्री थुपारेर सडक अवरुद्ध पारेका छन्। निर्माण कम्पनीहरूमध्येमा पनि महानगरको ठेक्का सकार गरेका ठेकेदारहरूको रवाफ नै भिन्दै छ। उनीहरू महीनौंसम्म सडक ढाकेर ढुङ्गा, गिट्टी, बालुवा तथा निर्माण सामग्री थोपर्छन्। १४ फिट, १६ फिट सडकमा यात्रुलाई सकस हुँदा समेत उनीहरूको ध्यान जाँदैन। महानगरको मुख्य बजार क्षेत्र होस् वा अन्यत्र समस्या उस्तै छ । बाइपास सडक क्षेत्रमा बितेको साता वीरगंज महानगरपालिकाले सडक अतिक्रमण हटाउन अभियान शुरू गर्‍यो । सडक अतिक्रमण गरी राखिएका सामग्रीहरू जफत गर्ने महानगरपालिकाको अभियान थियो । हुनत महानगर क्षेत्रमा यस्ता अभियान धेरैपटक चलिसकेको छ। सामाजिक सङ्घसंस्थाहरूले पनि यसलाई प्राथमिकता दिएका छन्। तर अभियान चलुन्जेल पालना हुने र अभियान सकिएपछि जहाँको तहीं पुग्ने गरेको पाइन्छ ।**

**त्यतिमात्रै होइन, कुनै चाडपर्व वा विवाह, व्रतको बेला सार्वजनिक सडक कब्जा गरेर कार्यक्रम गर्ने चलन छ । कालोपत्रे सडकलाई भत्काएर डोब खन्ने र टेन्टको किल्ला गाड्ने गरिन्छ। कतिपय स्थानमा सडकमैं यज्ञ गरिन्छ। गाउँ या शहर, यसरी सडक कब्जा गर्नुलाई हाम्रो समाजका मानिसहरू आफ्नो ठूलै बहादुरी र शान सम्झन्छन् । नत्र सार्वजनिक सडक कब्जा गरेर कार्यक्रम गर्न लाज लाग्नु पो पर्ने हो । यहाँ त हेल्मेट नलगाएर ट्रफिक प्रहरीको अगाडि मोटरसाइकल कुदाउनु, मास्क नलगाइ बजारमा निस्कनु, विनावर्दी कार्यालय जानुलाई इज्जत सम्झनेहरू छन् ।**

**यसलाई जनचेतनाको अभाव भन्न मिल्दैन। यो त हेपाहा, अराजक र घमण्डी प्रवृत्ति हो। यस्तो प्रवृत्ति सभ्य, शान्त र मर्यादित समाज निर्माणको बाधक पनि हो। यो अवस्थामा कानून पालना गराउने जिम्मेवार निकाय कहिलेकाहीं निर्मम बन्न सक्नुपर्छ । सडक अवरोधको कारण सवारी दुर्घटना भइरहेका छन् । सडकमा उभ्याएर राखिएका सवारीसाधन वा निर्माण सामग्रीमा आकस्मिक अवस्था एवं रातविरातको समयमा अर्को सवारीसाधन गएर ठोक्किंदा अप्रिय घटनाहरू भइरहेका छन्। निजी प्रयोगको कारण सडकको टिकाउनपन कमजोर भई समयअगावै खाल्डाखुल्डी हुने, भत्कने, बिग्रने गरेका छन् । सडकलाई सधैं अवरोधरहित राख्नु स्थानीय प्रहरी प्रशासनको काम, कर्तव्य र अधिकारभित्र पर्छ । सार्वजनिक सडक निजी प्रयोजनका लागि अवरोध गर्ने जोकसैलाई पनि कडा कारबाईको लागि स्थानीय पालिकाले पनि व्यवस्था गर्नुपर्छ। भएका कतिपय ऐन, कानून, अनुगमन र कारबाईको अभावमा कार्यान्वयन हुन सकेको छैन। यसर्थ सम्बन्धित क्षेत्रको स्थानीय पालिका र प्रहरी प्रशासनबीच समन्वय गरी कानून कार्यान्वयन गराउनु र सडक संरक्षणमा जुट्नु आवश्यक छ ।**

# चिन्ताको विषय

स्वतन्त्र विचार



विनोद गुप्ता

**हाम्रो दुर्भाग्य नै राजनैतिक अस्थिरता बन्न पुगेको छ। दुई तिहाईसम्मको सरकार टिक्न नसक्ने नियति भोगेको यो देशमा गठबन्धनबाट बनेको सरकार कसरी चल्छ त्यो अहिलेको अवस्था हेर्दा चिन्ताजनक हुन पुगेको छ।**

देउवा प्रधानमन्त्री बनेको राम्रै समय बितिसक्दा पनि मन्त्रिमण्डलले पूर्णता पाउन सकेको छैन र थप गरिएका एकजना स्वास्थ्य राज्यमन्त्रीको नियुक्तिले पनि राम्रै विवाद जन्माएको छ। अहिले आएर साझा कार्यक्रम सार्वजनिक गरिएको छ जसको औचित्यमा नै प्रशनचिह्न खडा भएको छ । यसको सबभन्दा विवादित कुरा गैरसंवैधानिक शक्ति केन्द्रको गठन रहेको छ, जुन छापाहरूमा आएको समाचार अनुसार कमरेड प्रचण्डको ठूलो दबाबका कारण बनाउनुपरेको भनिएको छ । लाइमलाइटमा रहने प्रचण्डको यो बानी पुरानै हो तर यसबाट के झल्को मिल्छ भने यति विधि राजनैतिक हण्डर खाएर पनि उनीहरूमा चेत आएको छैन। साझा कार्यक्रम र श्वेतपत्र हरेक नयाँ आउने सरकारहरूले जारी गर्दै आएको भए पनि यसले एउटा सिन्कोसमेत भाँच्न सक्ने अनुभूति आमजनतालाई दिएको छैन। आम जनतालाई अहिले चाहिएको खोप हो र यो सरकारले यसको सकेसम्म राम्रै बन्दोबस्त गरेको भन्न सकिन्छ । अर्को ठूलो समस्या भनेको महँगी हो। कोरोनाको तेस्रो लहरको आगमनको आशङ्का र त्यसपछि हुने बन्दाबन्दीको भयले आम नेपाली नागरिक त्रसित छ। रोजगार नपाइने र महँगी बढ्दै जाने यो अवस्थामा मध्यम र निम्न मध्यम वर्गीय परिवारको चिन्ता मेट्न सरकारले कुनै ठोस कदम चाल्न सकेको छैन । लकडाउनले नेपालमा एउटा नयाँ उद्योगलाई जन्म दिएको छ र त्यो हो बिक्री नभएर म्याद गुज्रेका वस्तुहरू नयाँ लेबल लगाई बिक्री गर्ने। यस प्रकारको कार्यले मानव स्वास्थ्यलाई कतिसम्म हानि गर्छ त्यसको कल्पनासमेत गर्न सकिंदैन । मन्त्रिमण्डलले पूर्णता पाउन सके यसतर्फ पनि सरकारको ध्यान जाने अपेक्षा गर्न सकिन्थ्यो ।

आखिर मन्त्रिमण्डल किन गठन हुन सकेको छैन ? माधव समूह अनिर्णयको अवस्थामा छ भने पनि केही पक्ष स्टैन्डबाई राखी माओवादी र जसपासहितको सरकार त बनाउन सक्नुपर्ने हो। जसपा र माओवादी केन्द्रका अध्यक्षहरूले मन्त्रीको लिस्ट फाइनल गर्न सकेका छैनन् भन्ने कुराबाट नै उनीहरूले दल कसरी सञ्चालन गरिरहेका छन् भनेर अनुमान लगाउन सकिन्छ। एकातिर आम जनता महँगीको मारले पिल्सिएको छ भने अर्कोतिर साउन महीनामा विलासी वस्तुको एलसी खोल्ने क्रम बढेको देखेर राष्ट्र बैंक विदेशी मुद्रा सञ्चितिमा पर्ने चापबाट चिन्तित भएर अर्थ समिति एवं अर्थमन्त्रीलाई समेत आफ्नो चिन्ताबाट अवगत गराइसकेको छ। यस्तो अवस्थाबाट जोगिन सरकारले बेलैमा कदम चालेन भने भोलि खडा हुने अनिष्टबाट जोगिन सम्भव हुँदैन ।

सरकारभित्रको यो बिजोगले चिन्तित भइरहँदा सरकार बाहिर प्रधानमन्त्रीकै दलको महाधिवेशन गर्न नसकेर दल असंवैधानिक हुने हल्ला चलिरहेको छ । काङ्ग्रेस संस्थापन पक्ष भने भदौमा वडास्तरीय महाधिवेशनको कार्यक्रम शुरू गरेर यसलाई मङ्सिरमा टुङ्ग्याउने मनस्थितिमा पुगेकोले यस सम्बन्धमा निर्वाचन आयोगसँग सम्पर्कमा गएको र निर्वाचन आयोगले रु ५० हजारसम्मको जरिवाना गरी समय थप्न सकिने अपुष्ट समाचारहरू छापामा आएका छन्। तर आधिकारिकरूपमा यसबारे जानकारी नआउँदासम्म निश्चिन्त हुन सक्ने अवस्था भने छैन । सरकार गठनमा भइरहेको विलम्ब र महाधिवेशनको अनिश्चितताले प्रम देउवाको कार्यक्षमतामाथि नै प्रश्न खडा हुन थालेको बेला नेपालको सामाजिक सञ्जालमा ओली सरकारको निरन्तरता जस्तै प्रम देउवाको समर्थनमा देखापरेका प्रचारले नेपाली बौद्धिक जनमानसलाई यतिसम्म झस्कायो कि यसको प्रचण्ड विरोध शुरू भयो र यो अभियान अहिले रोकिएको छ। बेलाबखत भइरहने यस्ता घटनाहरूले हामीले विगतको अनुभवबाट पाठ नसिकेको अनुभूति दिलाइरहने भएकोले भविष्यप्रति आश्वस्त हुने वातावरण नै बन्न सकिरहेको छैन ।

नेपालको ओली सरकारको अधिनायकवादी कार्यशैलीका कारण सिर्जित राजनैतिक तरलतालाई संविधानको व्याख्याताको हैसियतमा सर्वोच्च अदालतले, स्थापित गर्न सफल सकेको, आफ्नो ख्याति जोगाउन धौ–धौ पर्ने स्थिति देखिन थालेकोले सरकार स्थिर हुन नसकेको र न्यायपालिका पनि विवादमा पर्न गएकोले राष्ट्रिय अवस्थाप्रति गम्भीर हुनैपर्ने देखिन्छ । यसमा रञ्जन कोइरालाको मुद्दा छँदै थियो त्यसमाथि संवैधानिक परिषद्सम्बन्धी अध्यादेश र नियुक्तिविरुद्ध २३६ दिनसम्म सुनवाइ नै नहुनु र भएको सुनवाइमा प्रधानन्यायाधीशले संवैधानिक परिषद्को सदस्यको हैसियतमा दिएको जवाफमा नियुक्तिहरू गैरसंवैधानिक नभएको भनाइ राखेका छन् । तर उनकै नेतृत्वको संवैधानिक इजलासले जेठ ९ को नागरिकता विधेयक पहिलो संशोधन अध्यादेशलाई अन्तरिम आदेशमार्फत रोक लगाएकोले यो विवाद सिर्जना हुन पुगेको छ । अब यस विवादलाई प्रधान न्यायाधीशले सर्वोच्चको मर्यादा कायम राख्दै कसरी टुङ्गो लगाउँछन् हेर्न बाँकी छ ।

हाम्रो दुर्भाग्य नै राजनैतिक अस्थिरता बन्न पुगेको छ। दुई तिहाईसम्मको सरकार टिक्न नसक्ने नियति भोगेको यो देशमा गठबन्धनबाट बनेको सरकार कसरी चल्छ त्यो अहिलेको अवस्था हेर्दा चिन्ताजनक हुन पुगेको छ। राजनैतिक स्थिरता नआएसम्म आर्थिक विकास नहुने कुरा एक वर्षमैं देशमाथि ३ खर्ब ऋण थपिएकोबाट प्रस्ट हुन्छ । अहिले हाम्रो सार्वजनिक ऋण १७ खर्ब पुगेको छ भने बजेट जम्मा १६ खर्ब ४७ अर्बको रहेको छ । विगत वर्षहरूमा जिडिपीको २० प्रतिशतको हाराहारीमा रहँदै आएको ऋण अहिले बढेर जिडिपीको ४० प्रतिशतसम्म पुगेको छ । यो नेपालको लागि अत्यन्त चिन्ताको विषय हो किनभने आउँदा दिनहरूसमेत कोरोनाका कारण नेपालको आर्थिक गतिविधि राम्रो हुने सङ्केत छैन। वैदेशिक लगानी घट्दो छ र व्यापार घाटाको समेत अवस्था राम्रो नभएको अवस्थामा यो राम्रो सूचक नभएकोले यसलाई उकास्न देशलाई एउटा बलियो र सक्षम सरकारको आवश्यकता छ।

अहिलेसम्म देखा परेका सङ्केतहरू अत्यन्त निराशाजनक त छैन तर खासै उत्साहप्रद पनि नभएकोले सबै सचेत नागरिकले हालबहालका सत्तासीन दलहरूलाई बोलेर, लेखेर, भेटेर तथा सामाजिक सञ्जाललगायत सबै माध्यमबाट छिटोभन्दा छिटो सरकार गठन गरी अर्थतन्त्रलाई सामान्य पार्ने कामलाई पहिलो प्राथमिकतामा राखी अगाडि बढ्न दबाब दिनुपर्ने बेला आएको छ । कुनै पनि कारणले यसमा चुक्यौं भने आउँदा दिनमा हामी सबैले ठूलो मूल्य चुकाउनुपर्नेछ ।

# जनताको भावना अनुसार सरकारले काम गरोस् –ओली

काठमाडौं, २६ साउन/रासस

नेकपा (एमाले)का अध्यक्ष तथा प्रतिपक्षी दलका नेता केपीशर्मा ओलीले सरकारले जनताको भावना अनुसार काम गरोस् भन्ने आफ्नो सदिच्छा रहेको बताएका छन्। अघिल्लो सरकारले अघि बढाएका कार्यक्रमलाई निरन्तरता दिनुपर्नेमा जोड दिंदै उनले खराब नियत राखेर कतिपय कार्यक्रम अघि बढाउन नचाहेपछि बाध्यताले केही कार्यक्रमलाई निरन्तरता दिन आनाकानी गरिएको गुनासो गरे ।

प्रतिनिधिसभाको आजको बैठकमा विशेष समय मागेर बोल्दै अध्यक्ष ओलीले नीति, कार्ययोजना, लक्ष्य र त्यही अनुसारकै व्यवहार र प्रयास आफ्नो नेतृत्वको सरकारले गरेको जिकिर गरे ।

उनले समृद्ध नेपालको राष्ट्रिय आकाङ्क्षा प्राप्त गर्न आफ्नो पार्टीले उदार र फराकिलो भावनाका साथ चुनावी तालमेल र पार्टी एकीकरण गरेको जानकारी दिए। उनले विगतमा प्रतिपक्षसँग पनि संवाद र सहमतिको



प्रतिनिधिसभाको बुधवार बसेको बैठकमा बोल्दै अध्यक्ष ओली। तस्वीरः रासस

सम्मानपूर्ण अभ्यास गरिएको जिकिर गरे । त्यो बेला सहकार्य गरेर अघि बढ्ने नीति पनि लिइएको उनले जानकारी गराए ।

विगतमा गलत कुरासँग कुनै सम्झौता नगर्दा कतिपयको अपेक्षा पूरा नभएको तथा 'म भ्रष्टाचार गर्दिनँ र अरूलाई पनि भ्रष्टाचार गर्न दिन्नँ' भन्दा कतिलाई धक्का पुगेको र त्यही कारण आफ्नै पार्टीभित्र पनि धक्का पुगेको उनले बताए।

नेता ओलीले आफू देश र जनताको सेवाको निम्ति जन्मिएको तर प्रधानमन्त्री हुन नजन्मिएको जिकिर गरे। काम गर्दै जाँदा प्रधानमन्त्री भएको र अब पनि जनताको जनमतमार्फत मूल ढोकाबाटै सरकारमा सहभागी हुने उनको भनाइ थियो। उनले आफूमाथि विश्वास गरेर सुम्पिएको जिम्मेवारी खोसिएको र त्यस्तो राजनीतिमा कहिलेकाहीं हुने पनि बताए।

उनले अदालतको निर्णयमाथि बहस हुँदै जाने विश्वास व्यक्त गर्दै प्रधानमन्त्रीबाट हट्नुपरेकोमा चिन्ता छैन भने । "अदालत जस्तो सबैले विश्वास गर्ने जनताको भरोसाको संस्था असन्तुलित नहोस् भन्नेमा मात्रै मेरो चिन्ता हो, लोकतान्त्रिक प्रणालीका संस्था आआफ्नो मर्यादामा बसेर काम गरोस् भन्नेमा मात्रै

(बाँकी तेस्रो पातामा)

## कहिलेकाहीं अहम् व्यवस्थापन तोड्ने आवश्यकता हुन्छ

पाठक प्रतिक्रिया

२५ गते प्रतीकमा विश्वराज अधिकारीको लेख 'नेपाली राजनीतिमा अहम् व्यवस्थापनको खाँचो' पढें । भनिन्छ, विनाविषको साँप र विनाईखको मानिसको कुनै मूल्य हुँदैन। विष र ईखको मतलब अहम् हो । अहम्को पूर्णरूपेण त्याग केवल योगी र तपस्वीले मात्र गर्न सक्छन्। सांसारिक कार्य व्यापारका लागि निश्चित र उचित मात्रामा अहम् आवश्यक हुन्छ। यसैको रूप हो मान, सम्मान, राष्ट्रगौरव, भक्ति र राष्ट्रप्रेम । अशिक्षा र अज्ञानले अहम्को यस मात्राको परवाह गर्दैन र अफ्रिका र सुडानको नियति भोग्नुपर्छ । अवश्य जर्मनीको अहम्को विसर्जन उसको पर्खाल भत्किएको रूपमा प्रकट भएको थियो। तर त्यो जर्मनीको अहम् होइन, मित्र राष्ट्रको अहम् विभाजन थियो, अर्थात् बाहिरबाट लादिएको थियो। त्यहाँको जनताको सुझबुझले त्यो विभाजन असफल भयो। सुडानको विभाजन पनि बाहिरी विभाजन नै हो। त्यही पश्चिमाहरूले जसको तपाईंले सराहना गर्दै हुनुहुन्छ, क्रिश्चियनिटी फैलाए । जसको ध्येय कालान्तरमा सुडानको विभाजन थियो र भयो पनि। अतः जनताले यो सूक्ष्म कुरा बुझ्नुपर्छ, अनिमात्र अहम् व्यवस्थापन हुन सक्छ। जब एउटाको अहम् यसरी चरमोत्कर्षमा पुग्छ कि त्यो व्यवस्था र देशका लागि नै घातक सिद्ध हुन्छ, तब त्यसको व्यवस्थापन होइन, त्यसलाई तोडिदिनु आवश्यक हुन्छ । ओलीको अहम् चुँडिएर मात्र निकास भएको हो। बाँकी सबैको अहम् व्यवस्थापन हुन सक्ने लेखकको कुरा सही छ । जनताको मनोदशाले यस्तो हुन्छ भने लेखकको कुरा आंशिक सही छ।

डा. शवशङ्कर यादव, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४८

# नेपाली ट्रक यात्राका कथामा अमेरिकामा बन्यो फिल्म

मधुकर अधिकारी
वाशिङ्टन डिसी, २६ साउन/रासस

नेपालका सडकमा प्रायः रहिरहने खाल्डाखुल्डीलाई छिचोल्दै र आफ्नो ज्यानलाई हत्केलामा राखेर गाडी चालकले पूर्व काँकडभिट्टादेखि पश्चिम महाकालीसम्म गुड्ने ट्रकको कथालाई एक अमेरिकीले वृत्तचित्र (डकुमेन्ट्री)मा समेटेका छन् । "ट्याटुड ट्रक्स अफ नेपाल- हर्न प्लिज" नाम दिइएको उक्त वृत्तचित्रमा नेपालको पारवाहन क्षेत्रको एक महत्त्वपूण साधन मानिएको ट्रक र ५७ वर्षअघिको नेपालको सडकको कथा छ। साथै नेपालमा भन्ने गरिएको ट्रक साहित्य र ट्रक सजाउन प्रयोग भएका कला र आकृतिलाई पनि नेपालको संस्कृतिसँग तुलना गरिएको छ ।


साँघुरा घुम्तीहरूमा उकालो ओरालो मापन गर्दै स्टेरिङ घुमाउन खप्पिस चालकहरूको आनीबानीदेखि भोगाइसम्मलाई यो वृत्तचित्रमा समेटिएको छ । करीब ५७ वर्षअघि यस्तै एक ट्रकको पछाडि बसेर काठमाडौंबाट चितवनको नारायणगढ उत्रिएका २३ वर्षीय अमेरिकी रन रचान्सनले तयार पारेको उक्त वृत्तचित्रले सडकभित्रका यी अनेक कथालाई मात्र समेटेको छैन, यसले नेपालका बहुआयामिक सांस्कृतिक र सामरिक पाटोका साथै सामाजिक, आर्थिक विषयलाई समेत यसमा उनेको छ ।

त्रिशूली नदीको किनारै किनार निष्पट्ट अँध्यारो रातलाई छिचोल्दै र चालकको अड्कलबाट घुम्तीहरू काट्दै तथा कालो धूवाँको मुस्लो छोड्दै कुद्ने मालवाहक ट्रकको कथा आफैंमा रोमाञ्चक छ। त्यसमाथि अनेकन पात्र र प्रवृत्तिका मानव समुदायको बसोबास रहने काठमाडौं जान आवश्यक सामान पिठ्यूँमा बोकेर लम्किएका मानिस र ट्रकका कथाहरूलाई तिनका चालक र सहयोगीहरूका दैनिकी पनि निकै रोमाञ्चकरूपमा यस वृत्तचित्रमा समेटिएका छन् । मानिसका यी चुनौतीमाथि सडकको कहालीलाग्दो अवस्था त जोडिएकै छ । अहिले पनि पहिलोपटक यात्रा गर्नेहरूका लागि यो जोखिमपूर्ण यात्रा नै हो। त्यसमाथि आधा शताब्दीअगाडि राजधानी जोड्ने एकमात्र राजमार्ग कस्तो थियो होला ? अहिले त सहजै अनुमान गर्न पनि सकिन्न । यस्तै विषयहरूको व्याख्या भोलिको पुस्तालाई रोमाञ्चक इतिहास बन्न सक्छ । यो वृत्तचित्रमा त्यस बेलाको परिस्थिति र अवस्थालाई त्यसैगरी पस्किएका छन्, रनले ।

अमेरिकामा कला र नाटक अध्यापन गराउने उनको नेपालसँगको सम्बन्ध र पछि नेपाली भूमिप्रति बढ्दै गएको मोह पनि कम रोचक छैन । सन् १९६४ मा एउटा पिस क्रप्स स्वयंसेवकको रूपमा जोडिएको नेपालको साइनो अहिले आएर वृत्तचित्रमा उतार्न पाउँदा उनी खुशी छन्। कुराकानीको क्रममा पटकपटक उनले यो प्रयास आफ्नो जीवनकै महत्त्वपूर्ण उपलब्धि भएको टिप्पणी पनि गरे ।

आफ्नो विगतबारे स्मरण गर्दै उनले नेपालको बहुआयामिक पाटोका बारेमा चर्चा गरेका छन् । सन् १९६४ मा जब उनलाई अमेरिकी सरकारको पिस क्रप्सका प्रतिनिधिले विभिन्न देशको नाम दिए, उनले नेपाल नै रोजे। जब उनलाई नेपालको बारेमा जानकारी दिंदै ती अधिकारीले सोधे त्यसपछि आफूमा ऊर्जा आएको अनुभव रनको छ। आजभन्दा ५७ वर्षअघिको स्मरण गर्दै उनले भने, "मलाई नेपालको बारेमा जानकारी थिएन, तसर्थ मैले एटलस (विश्वमान चित्रको जानकारी दिने पुस्तक) पल्टाएर नेपाल देश खोजें। एउटा सानो भूगोल भएको यो देशमा मलाई ऊर्जा दिने धेरै कुरा भेटें । त्यसपछि नै नेपाल जाउँजाउँ लाग्यो।"

उनले जब नेपाल जाने भनेर मनस्थिति बनाए, त्यसपछि नेपालबारे पाएसम्मको जानकारी लिने प्रयत्न गरे। नेपाल दुई वर्ष बसेर नेपाली परिवेशलाई पछ्याउँदै आफ्नो स्वयंसेवी सेवामा योगदान पुऱ्याएका रनलाई साँच्चै नै



नेपालले मोहनी लगायो। त्यसपछि उनी धेरैपटक नेपाल पुगेका छन्। अमेरिकाबाट १० हजार माइल टाढा रहेको नेपालका बारेमा अझै कतिपय अमेरिकीलाई पर्याप्त जानकारी पनि छैन। तर पाँच दशकदेखि जोडिएका रनले भने नेपालको कला संस्कृतिको समेत जानकारी दिने गरी कथा लेख्ने र त्यसलाई वृत्तचित्रमा उतार्न सक्नु उनको क्षमता र लगाव दुवै हो ।

नेपाल पुगेर उनले त्यो बेला भर्खरै बस्ती बस्दै गरेको चितवनको नारायणगढमा रहेको चितवन हाईस्कूलमा स्वयंसेवक शिक्षकको रूपमा काम गरे । त्यो बेलादेखि नै अमेरिकी स्वयंसेवकहरूले शैक्षिक रूपान्तरणको लागि शिक्षक स्वयंसेवकहरूले खेलेको भूमिकाको बारेमा चर्चा गर्दै हालसालै अमेरिकाका लागि नेपालका राजदूत डा युवराज खतिवडाले भनेका थिए, "७० वर्षअगाडि नै अमेरिकीहरू गएर स्वयंसेवी भावका साथ शिक्षा स्वास्थ्यको क्षेत्रमा निर्वाह गरेका भूमिकाले नै नागरिकस्तरको सम्बन्ध मजबूत बनाउन महत्त्वपूर्ण भूमिका खेलेको थियो ।"

डा खतिवडाको विचारमा बल दिने गरी रन भन्छन्, "त्यो बेला एक त छात्राहरूको सङ्ख्या कम हुने त्यसमा पनि नाटक खेल्न छात्राहरूलाई स्टेजमा पुऱ्याउनु भनेको क्रान्तिकारी कदम नै थियो तर मैले त्यो कदमलाई मूर्तरूप दिन सफल भएको थिएँ ।"

"अभिभावक र शिक्षकहरूको समेत समन्वयमा छात्राहरूको आत्मबल बढाउन गरिएको त्यो कामले अहिले पनि मलाई निकै खुशी लाग्छ," आठ दशकको उमेर पार गरिसकेका रनले उत्साहित हुँदै आफ्नो अनुभूति सुनाए। रन जस्तै तीन हजार ८८० जनाले अमेरिकाबाट अर्को गोलार्द्धमा रहेको नेपाल पुगेर आफ्ना ज्ञान र सीपमार्फत सामाजिक रूपान्तरणमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सफल भइसकेका छन् ।

नेपाली माटो र कथालाई वृत्तचित्रमा उतार्न सफल रन अहिले यसैमा दङ्ग छन्। नेपाल जस्तो एक भूपरिवेष्टित देशको विकासको महत्त्वपूर्ण आधार नै सडक हो र त्यही सडकमा दौडिरहने ट्रक एक महत्त्वपूर्ण साधन हो । ती ट्रकमा कोरिएका चित्रहरूले ट्रकको सुरक्षा, भावना, आध्यात्मिक चेत, नेपाली परम्परा, पारिवारिक सम्बन्धदेखि ट्रक साहित्यसम्म देख्न पाइएको उनको अनुभव छ ।

ट्रकमा लेखिएको शायरीदेखि आन्तरिकरूपमा सजावटका लागि प्रयोग भएका विभिन्न वस्तुलाई वृत्तचित्रमा उतारेर नेपाली कला संस्कृतिलाई अमेरिकासम्म पुऱ्याउन उनले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

ट्रकमा उतारिएका विभिन्न देवीदेवताका विभिन्न रूपका चित्रहरूले पनि नेपाल कला संस्कृतिमा धनी भएको सन्देश दिएको विषय पनि वृत्तचित्रमा समेटिएको छ । परापूर्वकालदेखि अहिलेसम्म नेपाली परिवेशमा हिन्दू र बुद्ध धर्मका देवीदेवताको आकृति झल्कने वास्तुकला, काष्ठकलाले पनि नेपाललाई बहुसांस्कृतिक र बहुआयामिक पहिचान दिलाएको चर्चा पनि सो वृत्तचित्रा गरिएको छ।

वास्तुकलाको प्यागोडा शैलीका बारेमा व्याख्या गर्दै सोऱ्ह सय वर्षअगाडिको वास्तुकलालाई त्यसभित्र अटाउन सफल भएको छ। त्यसमा हिन्दू देवीदेवताको चाडपर्व अनुसारको रूप र कलाबारे समेत चर्चा गरिएको छ । अमेरिकी समाजमा टचाटुको लोकप्रियता अत्यधिक छ। त्यसलाई समेत आकर्षण बनाएर दर्शकहरूमाझ पुऱ्याउने अभिप्रायले रनले टचाटुड ट्रक्सको शीर्षक छनोट गरेका देखिन्छ । यसले वृत्तचित्रको माध्यमबाट दुई देशबीचको नागरिक तहको सम्बन्धमा इँटा थप्ने काममा योगदान पुगेको धेरैले महसूस गरेका छन् ।

वृत्तचित्रभित्र नेपालमा पहिलोपटक भीमफेदीबाट बोकेर ल्याइको भनिएको मोटरदेखि शुक्रपथको ७० वर्षअगाडिको अवस्था र मानिसको चहलपहल वृत्तचित्रमा समावेश गरिएको छ। पाँच वर्षभन्दा लामो समय लगाएर बनाइएको वृत्तचित्र निर्माणका लागि फोटोग्राफर तथा इतिहासकार सुदर्शन कार्कीसँग सहकार्य गरेका रनलाई सहलेखकका रूपमा निकोला रचान्सनले सहयोग गरेका छन्।

जेजे मिजर र होल्डन सिस्कोको सम्पादनमा निर्माण भएको वृत्तचित्रमा केन केबो, दावा ग्याञ्जेन, डयाल्यान केबो, तोपग्याँस लामाले सहयोग गरेका थिए ।

केही साताभित्र लोकार्पण गर्न लागिएको वृत्तचित्रलाई विभिन्न चलचित्र महोत्सवमा प्रदर्शन गरिने र एयरलायन्सहरूसँग सहकार्य गरेर यात्रामा देखाउन पहल गरिने योजना रहेको रनले जानकारी दिए ।

# बिहीवारदेखि मनसून सक्रिय हुने

काठमाडौं, २५ साउन/रासस

आगामी बिहीवारदेखि मनसून सक्रिय हुने भएको छ । बिहीवारदेखि बिस्तारै मनसून न्यूनचापीय रेखा नेपालको तराई–भूभागनजीक आउने र सो प्रणालीका कारण देशभरि मनसून सक्रिय भई सोही दिनदेखि केही दिन धेरै स्थानमा हल्कादेखि मध्यम वर्षा हुने सम्भावना देखिएको मौसमविद् राजु प्रधानाङ्गले बताए।

बिहीवार प्रदेश नं १, २, वाग्मती, गण्डकी र लुम्बिनी प्रदेशका केही स्थानमा भारी वर्षाको सम्भावना रहेको तथा शुक्रवार, शनिवार प्रदेश नं १, २, वाग्मती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका केही स्थानमा धेरै भारी वर्षाको सम्भावना रहेको हुनाले मौसम पूर्वानुमान महाशाखाले आवश्यक सतर्कता अपनाउन अनुरोध गरेको छ ।

हाल देशका अधिकांश भूभागमा सामान्यदेखि पूर्ण बदली भई प्रदेश नं १, २, वाग्मती र गण्डकी प्रदेशका केही स्थानमा वर्षा भइरहेको छ । दिउँसो देशभर सामान्यदेखि पूर्ण बदली रही केही स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहनुका साथै प्रदेश नं १, वाग्मती र लुम्बिनी प्रदेशको एक/दुई स्थानमा मेघगर्जनसहित भारी वर्षाको सम्भावना रहेको बताइएको छ । आज सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम १५ दशमलव दुई डिग्री र सबैभन्दा धेरै दिपायलको अधिकतम तापक्रम ३५ दशमलव दुई डिग्री सेल्सियस रहेको छ।



जगरनाथपुरमा भदैया धान भित्रियाउँदै किसानहरू। तस्वीरः नितेश कर्ण

जनताको भावना अनुसार.....

मलाई चिन्ता छ," उनले भने ।

उनले अहिले राष्ट्रिय उद्देश्यमा केन्द्रित भएको सरकारको आवश्यकता औंल्याए। अघिल्लो सरकारले धेरै राम्रो काम गरेको तथा छिमेकीसँग सन्तुलित व्यवहार गरिएको र राष्ट्रिय सम्मानलाई झुक्न नदिएको उनको जिकिर थियो ।

अहिले सत्ता र प्रतिपक्ष संवादहीन अवस्थामा पुगेको उनले बताए। कतिपय कामलाई अहिलेको सरकारले नचाहेर पनि निरन्तरता दिएको उनले बताए ।

संयुक्त सरकारको न्यूनतम साझा कार्यक्रमको सन्दर्भमा अध्यक्ष ओलीले संसद् छलेर उक्त कार्यक्रम किन आयो भनी प्रश्न गरे ।

अमेरिकाको मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी)को बारेमा नेपाली जनताले जान्न चाहेको उल्लेख गर्दै अध्यक्ष ओलीले भने, "प्रधानमन्त्रीज्यू एमससिसीको बारेमा के गर्नुहुन्छ ? लिम्पियाधुरा, लिपुलेक, कालापानी वार्ताद्वारा फिर्ता ल्याउँछु भनेर किन भन्न सक्नुभएन ?" अध्यक्ष ओलीले द्वन्द्वपीडितलाई न्याय दिन पनि आग्रह गरे ।

# नेप्सेमा उछाल, बजार पूँजीकरण ४४ खर्ब १३ अर्ब

काठमाडौं, २६ साउन/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक मङ्गलवार उच्च अङ्कले वृद्धि भएको छ। लगातार उकालो लाग्दै आएको नेप्सेमा उछाल देखिएको हो । विकास बैंक, वित्त, निर्जीवन बीमा र जीवन बीमा उपसमूहको शेयरका लगानीकर्ताको तीव्र आकर्षण देखिंदा नेप्सेसमेत नयाँ उचाइमा पुगेको हो ।




नेपाल स्टक एक्सेचन्जका अनुसार आज ५१.८६ बिन्दुले बढेर तीन हजार १६१.४४ मा पुगेको छ । यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापक सेन्सेटिभ परिसूचक १२ बिन्दुले बढेर ५८७.९५ मा पुगेको कुल २२५ कम्पनीको तीन करोड ३५ लाख ३५ हजार २१३ कित्ता शेयर रु १७ अर्ब ८४ करोड ६१ लाख ४७ हजार २७९ मूल्यमा खरीद–बिक्री भयो। मङ्गलवारको कारोबारपछि बजार पूँजीकरण रु ४४ खर्ब १३ अर्ब १८ करोड तीन लाख २० हजारबराबर पुगेको छ ।

कारोबार भएका १३ उपसमूहमध्ये आज तीन उपसमूहको शेयर मूल्य ओरालो लागेको छ भने १० उपसमूहको शेयर उकालो लागेको छ । व्यापार ६७.२८, होटल तथा पर्यटन ८.७८ र जलविद्युत् ३.०१ बिन्दुले घटेको छ। बैंकिङ ३९.०४, विकास बैंक ४०६.४४, वित्त १९०.६४, निर्जीवन बीमा १४२.३३, उत्पादन ४४.५४, अन्य ६.८३, लघुवित्त ७३.४४, जीवन बीमा २११७२, सामूहिक लगानीकोष ०.०७ र लगानी २.१५ अङ्कले बढेको छ।

कारोबारका आधारमा माथिल्लो तामाकोशी जलविद्युत् कम्पनी शीर्ष स्थानमा रहेको छ । सो कम्पनीको रु ८९ करोड ५८ लाख ९३ हजार ५३६ बराबरको कारोबार भयो। अरुण भ्याली हाइड्रोपावर कम्पनी रु ५३ करोड सात लाख ७८ हजार ५४५, अपि पावर कम्पनी रु ५१ करोड ९२ लाख ६८ हजार ६१७, ज्योति विकास बैंक रु ४८ करोड ८४ लाख ३८ हजार ४१७ र अरुण काबेली पावर रु ४१ करोड ५२ लाख ८५ हजार ५७७ बराबरको कारोबार भई शीर्ष स्थानमा रहेका छन् ।

**१३ कम्पनीको शेयरमा सर्किट**

नेप्सेका अनुसार आजको कारोबारमा विभिन्न १३ कम्पनीको शेयरमा सकारात्मक सर्किट लागेको छ । बेस्ट फाइनान्स, श्री इन्भेस्टमेन्ट फाइनान्स, सेन्ट्रल फाइनान्स, गुह्यश्वरी मर्चेन्ट बैंक, आइसिएफसी फाइनान्स, प्रोगेसिभ फाइनान्स, महालक्ष्मी विकास बैंक, ज्योति विकास बैंक, कामना सेवा विकास बैंक, सिन्धु विकास बैंक, जीवन विकास लघुवित्त, साइन रेसुङ्गा डेभलपमेन्ट बैंक र युनियन लाइफ इन्स्योरेन्सको शेयरमा सकारात्मक सर्किट लागेको छ ।

यस्तै, सान्जेन जलविद्युत् कम्पनी ५.१६, सिनर्जी पावर ४.७१, खानीखोला हाइड्रोपावर ४.२५, पञ्चकन्यामाई ४.११ र घलेम्दी हाइड्रोपावरका लगानीकर्ताले ४.०२ प्रतिशतले गुमाए ।

# साहित्यकार चन्द्रांशुलाई पत्नीशोक

प्रस, गरुडा, २६ साउन/

बज्जिका भाषाका साहित्यकार श्याम सहनी चन्द्रांशुलाई पत्नीशोक परेको छ। रौतहटको गरूडा नगरपालिका–३ मलाहीका निवासी चन्द्रांशुकी धर्मपत्नी पुनकलादेवी सहनीको ४३ वर्षको उमेरमा देहावसान भएको हो । केही दिनदेखि वीरगंजस्थित नेशनल मेडिकल कलेजमा श्वासप्रश्वाससम्बन्धी समस्याको उपचार गराइरहेकी सहनीको उपचारकै क्रममा सोमवार बिहान करीब तीन बजे देहावसान भएको पारिवारिक स्रोतले जनाएको छ। मृतक सहनीको सोमवार नै रौतहटको समनपुरस्थित बागमती नदीमा अन्तिम संस्कार गरिएको छ। सहनीका दुई छोरा र दुई छोरी छन्।



पत्नीको देहावसान भएपछि साहित्यकार सहनी आफैं किरिया बसेका छन् । नेकपा एमालेको गरुडा नगर अध्यक्षसमेत रहेका सहनीले केही दिनपछि जेठो छोरालाई विधिपूर्वक किरियापुत्री बसाउने बताएका छन् ।

# खेतमा पुरुष मृत फेला

प्रस, गरुडा, २७ साउन/

रौतहटको गरुडा नगरपालिका–५ महम्मदपुरका एकजना पुरुष खेतमा मृत अवस्थामा फेला परेका छन्। मङ्गलवार बिहान खेतमा धानबाली हेर्न गएका ४८ वर्षीय भाग्यनारायण यादव खाना खाने समयसम्म घर नफर्केपछि घरका मानिसहरूले खोजी गरेका थिए ।

यादवलाई खोज्दै जाँदा खेतमा मृत अवस्थामा फेला परेको आफन्तले जनाएका छन् । मृतक यादवका भाइ जयनारायण यादवका अनुसार मृतकको जीउमा कुनै दाग देखिएको छैन ।

मङ्गलवार बिहान पानी परिरहेको थियो। रातिदेखि नै परेको पानी बिहान करीब साढे एघार बजेसम्म परेको थियो।

बेलाबेलामा चटचाङ परेको सुनिएकाले नजीकै चटचाङ परेको हुन सक्ने र सोही चटचाङको आवाजले डराएर दाजुको मृत्यु भएको हुन सक्ने मृतकका भाइ जयनारायण यादवले अनुमान गरेका छन्।

# हार्डवेयर पसलमा आगो लाग्दा लाखौंको क्षती

प्रस, सर्लाही, २६ साउन/

सर्लाही जिल्लाको ईश्वरपुर नगरपालिका वडा नं १ चौलिखा बजारस्थित सञ्जय हार्डवेयर पसलमा आगलागी भएको छ । सोमवार राति भएको आगलागीबाट करीब रु ४० लाखभन्दा बढी मूल्यका सामान जलेर नष्ट भएको प्रहरीको अनुमान छ ।

आगलागीबाट पसलमा रहेका इनामेल पेन्टलगायत हार्डवेयरका सामग्री जलेर नष्ट भएको हो। स्थानीय व्यापारी सञ्जय साहले सञ्चालन गरेको हार्डवेयर पसलमा राति करीब १ बजेको समयमा आगलागी भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता प्रहरी नायब उपरीक्षक माधवप्रसाद बुढाथोकीले बताएका छन्। आगलागी कसरी भयो भन्नेबारे अनुसन्धान भइरहेको प्रनाउ बुढाथोकीले बताए ।

# समस्त रोगको एउटा औषधि- तुलसी

**जीवेम शरदः शतम्**

**तुलसीको धार्मिक महत्व**

**दृष्टा स्पृष्टातथा ध्याता कार्तिके नमिताऽर्चिता**
**रोपिता संचिता नित्यं पापं हन्ति युगाजितम् ॥**
**अष्टधा तुलसीयैस्तु सेविता द्विज सत्तमम् ।**
**युग कोटि सहस्राणि ते बसन्ति हरिगृहे ॥**
**रोपिता तुलसी यावत् कुरूते मूल विस्तृतिम् ।**
**तावद् युग सहस्राणि तनोति सुकृत हरिः ॥**
**रोपिता तुलसी यावद् वर्धते वसुधातले ।**
**तावत्वकल्प सहस्राणि विष्णुलोके महीयते ॥**

– पद्म पुराण, उत्तर खण्ड

अर्थ– कात्तिकमा तुलसीलाई हेर्दा, स्पर्श गर्दा, अर्चन, आरोपण, सिञ्चन गर्नाले युगौंको पाप नाश हुन्छ । जसले आठ प्रकारले तुलसीको सेवा गर्छ त्यो सहस्र करोड युगसम्म भगवान्को घरमा रहन्छ । तुलसी लगाउँदा जति समयमा त्यो बढ्छ र फैलिन्छ त्यति सहस्र कल्प त्यो मनुष्य विष्णु लोक प्राप्त गर्छ ।

**तुलस्या रोपणत्सेकात्पात्कानिमहान्त्यपि, संज्ञयं यान्ति देवेशि १ तमः सूर्योदये यथा ।** (गौ.त.तु.मा.३०)

तुलसी लगाउँदा र त्यसको सेवा गर्नाले महापातक पनि त्यसै प्रकार नष्ट हुन्छ जसरी सूर्य उदय भएपछि अन्धकार नष्ट हुन्छ ।

**चिन्वति तृणजातनि तुलसी मूल जानि वै ।**
**तद्देहस्था ब्रह्महत्याश्चिनाति तत्क्षणद्धरिः ॥**
**ग्रीष्म काले द्विजश्रेष्ठ सुगन्धैः शीतलैर्जलेः ।**
**तुलसी सेचनं कृत्वावहो निर्वाणमाप्नुयात् ॥**
**चन्द्रा तपं वा छत्रं वा तुलस्यै यस्तु यच्छति ।**
**विशेषतः निदाधेषु स मुक्तः सर्व पातकैः ॥**
**वैसाखैऽक्षतधाराभि रद्विर्यस्तुलसी जनः ।**
**सेचयेदयोऽश्वमेधस्य फलं प्राप्नोति नित्यशः ॥**
**गोमयै तुलसी मूले याः कर्यादनु लेपनम् ।**
**सम्मार्जनञ्च कुरूते तस्य पुण्य फलं श्रुणु ॥**
**रजांसि तस्य यावन्ति दूरी भूतानि जैमिने ।**
**तावत्कल्प सहस्राणि मेदिते ब्रह्मणा यह ॥**

(प.पु क्रिया योग सागर)

तुलसीको जरा नजीक उम्रिएका घाँस, झारपात जसले सफा गर्छ, उसको ब्रह्म–हत्याजस्तो पापलाई पनि भगवान्ले क्षमा गरिदिन्छन् । ग्रीष्ममा सुगन्धित जलबाट जसले तुलसीको सिचाइ गर्छ उसले मुक्ति पाउँछ । गर्मीमा छाया गरेर तुलसीको रक्षा गर्ने व्यक्ति सबै पापबाट मुक्त हुन्छ । वैशाख मासमा तुलसीलाई नित्य जल चढाउने मनुष्य अश्वमेध यज्ञको पुण्य प्राप्त गर्छ । तुलसी तलको स्थान जसले नित्य स्वच्छ राख्छ र लिपपोत गर्छ, त्यो ब्रह्मलोकमा प्रसन्नतापूर्वक रहन्छ ।

**यत्रैकस्तुलसी वृक्षस्तिष्ठति द्विजसत्तमा ।**
**तत्रैव त्रिदशा सर्वे ब्रह्मा विष्णु शिवादयः ॥**

(प.पु. क्रिया योगसार)

जहाँ तुलसीको एउटा पनि बिरुवा हुन्छ त्यहाँ ब्रह्मा, विष्णु, शङ्कर आदि सबै देवता निवास गर्छन् ।

**तुलसीको धार्मिक महत्त्व हिन्दू धर्ममा बढी छ । यो सकारण हो । धर्मको पछाडिको स्वार्थ, आरोग्य, रोग–निवारणजस्तो निकै ठूलो लाभ सम्बन्धित छ । यी सबै कुरामाथि विचारगर्दै पाठकले आदरपूर्ण दृष्टिले तुलसीलाई हेर्नुपर्छ र त्यसको बोट घरमा लगाउनुपर्छ ।**



**सस्नातः सर्व तीर्थेषु सर्व यज्ञेषु दीक्षितः ।**
**तुलसी पत्रतोये च योऽभिषेकं समाचरेत् ॥**

उसले सबै तीर्थको स्नान तथा सबै यज्ञ गरेको फल पाउँछ, जसले पानीमा तुलसी–पत्र राखेर स्नान गर्छ ।

**तुलसी काननञ्चैव गृहे यस्यैवतिष्ठति ॥**
**(प.पु.उ.ख.)**

तुलसी वृक्षको गन्ध लिएर वायु बग्छ र त्यसबाट दश दिशा शुद्ध हुन्छ ।

उपरोक्त श्लोकमा जे पनि भनिएको छ, त्यसलाई ब्रह्मवाक्य बुझेर स्वीकार गर्न पाठकलाई भनिएको छैन । यो अलङ्कारिक भाषाको वर्णन हो । हामी शब्दार्थमा जोड नदिएर भावार्थमा पुग्नुपर्छ र के भनिरहेको छ यसमाथि ध्यान दिनुको अपेक्षा किन भनिरहेको छ ? यसमाथि विचार गर्नुपर्छ । हाम्रा पूर्वजले वनस्पति विज्ञानको अथक शोध गरेका थिए र चिरकालीन अनुभवोपरान्त यस निश्चयमा पुगेका थिए कि वनस्पति जगत्मा जति पनि बोटबिरुवा छन्, ती सबैमा तुलसी, मानव जीवनको लागि सबैभन्दा बढी उपयोगी हो । त्यस कालमा प्रायः सबै जीवनपयोगी नियम धर्मको साथ सम्बन्धित गरिने प्रथा थियो, तुलसीको निवास स्थानको वरपर राख्न एवं ध्यानपूर्वक त्यसको सिञ्चन, पोषण एवं रक्षण गर्ने आवश्यकता छ, यसैले यस प्रकारको विश्वास एर्व कर्मकाण्डको रचना गरिएको हो, जसबाट प्रेरित भएर मानिस तुलसीभन्दा बढी सम्बन्धित एवं नजीक बस्नुपर्छ । उपरोक्त श्लोकको रचनाको यही तात्पर्य हो ।

प्रवाही पदार्थमा तुलसी–पत्र राखेर पिउँदा मानिसको जीवनी शक्ति विशेष बढ्छ र हानिकारक कीटाणुको अन्त्य हुन्छ, यसै विचारबाट पञ्चामृत, चरणामृत आदि प्रवाही पदार्थमा तुलसी–दल राखिन्छ । कात्तिक महीनामा तुलसी फुल्छ, त्यतिबेला त्यसको पुष्पबाट निकै उत्तम सुगन्ध निस्किन्छ, यसैले त्यति बेला तुलसीको अनुष्ठान, उद्यापन पूजा–अर्चनमा बढी जोड दिइन्छ । धार्मिक कर्मकाण्डमा जहाँ, जब र जस्तो पनि उपयोग भएको छ गम्भीर विचार गर्दा प्रकट हुन्छ कि त्यसमा कुनै न कुनै हितकर रहस्य लुकेको हुन्छ । परलोकको लाभको जति वर्णन गरिएको छ, असलमा त्यसभन्दा कैयौं गुना लाभ यस लोकको छ ।

तुलसीको धार्मिक महत्त्व हिन्दू धर्ममा बढी छ । यो सकारण हो । धर्मको पछाडिको स्वार्थ, आरोग्य, रोग–निवारणजस्तो निकै ठूलो लाभ सम्बन्धित छ । यी सबै कुरामाथि विचार गर्दै पाठकले आदरपूर्ण दृष्टिले तुलसीलाई हेर्नुपर्छ र त्यसको बोट घरमा लगाउनुपर्छ । थाँवल (तुलसीमठ)मा, पूजनीय दृष्टिबाट लगाउन यस कारण भनिएको छ कि यसमा मनोवैज्ञानिक लाभ छ । यो औषधिप्रति नाक खुम्च्याउँदै उपेक्षा जाहेर गर्दा, औषधि उत्तम भएर पनि लाभ पुऱ्याउँदैन, तर अन्य औषधि जुन भलै घटिया दर्जाकै किन नहोस् चिकित्सककहाँ निकै मूल्यमा राम्रो शीशीमा आएको छ र त्यसलाई अचूक रामबाण सम्झेर रोगीले सेवन गर्छ भने निस्सन्देह त्यसबाट निकै लाभ हुन्छ । 'विश्वास नै फलदायक हुन्छ' जो यस तथ्यलाई जान्दछ उसले तुलसीको बोट लगाएर पूजाको दृष्टिबाट त्यसलाई राख्दा हुने लाभ सहजै बुझ्न सक्छ । फोहर पानीको ननलीको वरपर वा कुनै अन्य अशुद्ध ठाउँमा लगाइएको तुलसीप्रति मनमा उच्च भावना जन्मँदैन तर उच्च थाँवलामा श्रद्धापूर्वक लगाइएको बिरुवाले सहजै मनभित्र आदर उत्पन्न गर्छ र त्यसै विश्वासको आधारमा बढी लाभ प्राप्त हुन्छ ।

# कर नबुझाउने करदातामाथि राजस्वको कारबाई


प्रस, सिराहा, २६ साउन/

लामो समयदेखि कर नबुझाएका करदातामाथि आन्तरिक राजस्व कार्यालय लहानले कारबाई प्रक्रिया शुरू गरेको छ ।

दर्ता भएदेखि कर नबुझाएका विभिन्न ४० वटा फर्म तथा करदातामाथि कानूनी कारबाई शुरू गरिएको हो ।

कारबाईस्वरूप बैंक खाता र चलअचल सम्पत्ति रोक्का गरिएको कर कार्यालयका प्रमुख रामप्रसाद खतिवडाले सञ्चारकर्मीलाई जानकारी दिए । मूल्य अभिवृद्धि कर, आयकर तथा अन्तःशुल्कतर्फ दर्ता भएयता कर नबुझाएका ४० करदातामाथि कानूनी कारबाई प्रक्रिया अघि बढाइएको प्रमुख खतिवडाको भनाइ छ ।

यसैबीच, उक्त कार्यालयले आर्थिक वर्ष २०७७/७८ मा लक्ष्यभन्दा बढी राजस्व सङ्कलन गर्न सफल भएको जनाएको छ । सगरमाथा अञ्चलको छवटा जिल्ला कार्यक्षेत्र रहेको कार्यालयले आव २०७७/७८ मा रु तीन अर्ब छ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य लिएकोमा करीब १०८ प्रतिशत अर्थात् रु तीन अर्ब ३१ करोड राजस्व सङ्कलन गरेको प्रमुख खतिवडाले बताए ।




यसरी सङ्कलित करमध्ये आयकरतर्फ रु एक अर्ब ६३ करोड, मूल्य अभिवृद्धि करतर्फ एक अर्ब आठ करोड र अन्तःशुल्कतर्फ रु ५९ करोड आठ लाख राजस्व सङ्कलन भएको छ । अघिल्लो आर्थिक वर्षको तुलनामा यो १७ प्रतिशत बढी राजस्व सङ्कलन भएको हो ।

अघिल्लो आव २०७६/७७ मा रु दुई अर्ब ८१ करोड राजस्व सङ्कलन भएको थियो । कार्यालयका अनुसार आर्थिक वर्ष २०७७/७८ मा १२ हजार ८४२ व्यवसायी र २० हजार ८४४ व्यक्तिगत नयाँ प्यान दर्ता भएको छ ।

# एसिड विक्रेताको पक्षमा फैसला, पुनरावेदन गरिने न्यायाधीवक्ता अर्यालको तयारी

प्रस, धनुषा, २६ साउन/

एसिड प्रहार गरेको घटनामा धनुषा जिल्ला अदालतले सोमवार एसिड विक्रेतालाई सफाइ दिएको छ । जनकपुर निवासी आरती साहमाथि उनकै श्रीमानले एसिड प्रहार गरेको घटनामा एसिड विक्रेतालाई अदालतले सफाइ दिएको फैसलाविरूद्ध सरकारी वकीलको कार्यालयले पुनरावेदन गर्ने निर्णय गरेको छ । एसिड प्रहार गरेको घटनाका मुख्य आरोपी आरती साहका श्रीमान् जनकपुरधाम उपमहानगरपालिका–२० रूपैठा निवासी सञ्जीव साहलाई दोषी ठहर गर्दै अदालतले फैसला सुनाएपनि लाइसेन्स विना नै एसिड बिक्री गरेको नागेन्द्र साहलाई मुद्दाबाट सफाइ दिएको छ ।




तस्वीरः फाइल

सो निर्णयको विरूद्धमा मुख्य जिल्ला न्यायाधीवक्ता सीताराम अर्यालले जिल्ला अदालतको फैसला विरूद्ध उच्च अदालतमा पुनरावेदन दिने बताए ।

एसिड विक्रेताले सफाइ पाएपछि सो निर्णयप्रति आपत्ति जनाउँदै आरती अदालत पुगेपछि उनलाई प्रहरीले नियन्त्रणमा लिएको थियो ।

गत कात्तिक २९ गते दीपावलीको अवसरमा आफ्नो ससुराली गएका सञ्जीवले श्रीमति आरती र छोरी रियामाथि एसिड प्रहार गरेका थिए ।

## फरक समाचार

# डिस्चार्ज भइन् संसारकै सबैभन्दा सानो शिशु

समयभन्दा चार साता पहिले जन्मिएको बच्चा जीवित हुने दर करीब ७० प्रतिशत हुन्छ । साधारणतया अस्पतालमा चारदेखि ६ महीना बिताएपछि बच्चालाई डिस्चार्ज गरिन्छ तर १३ महीना बिताएको यो शिशु अहिले सुरक्षित छ ।



संसारकै सबैभन्दा सानो शिशु गत जून ९ का दिन सिङ्गापुरको नेशनल युनिभर्सिटी अस्पतालमा जन्मेकी थिइन् । क्वेक जु जुआनको वजन मात्र एउटा स्याउ बराबर अर्थात् २१२ ग्राम थियो । उनकी आमामा प्रि–एक्लेमप्सिया पत्ता लागेपछि बच्चाको जन्म २५ औं साता, समयभन्दा पहिले गराइएको थियो र अस्पतालकर्मीको हेरचाहमा राखिएको थियो ।

जन्मको बेला नवजात शिशुको लम्बाइ मात्र २४ सेन्टिमिटर थियो । बच्चाको आकार देखेर अस्पतालका चिकित्सक र नर्स अचम्म परेका थिए । १३ महीनाको गहन उपचारपछि, हप्तौं भेन्टिलेटरमा बिताएपछि अहिले बच्चाको वजन बढेको स्वस्थ ६.३ किलोग्राम छ । शिशु डिस्चार्ज भइसकेकी छन् ।

जन्मको बेला बच्चाको उपचार गर्नु एउटा ठूलो चुनौती थियो । उनको छाला निकै नाजुक थियो । जुआनका आमाबुबालाई मेडिकल उपकरणको प्रयोगबारे तालीम दिएर बच्चालाई राम्ररी हेरचाह गर्न सुझाव दिइएको छ ।

# कोभिड–१९ को उन्मूलन हुन्छ

पोलियोको तुलनामा वैश्विक स्तरमा कोभिड–१९ को उन्मूलन बढी व्यावहारिक छ तर दादुरा (चेचक)को तुलनामा यसलाई रोक्न गाऱ्हो छ । बिएमजे ग्लोबल हेल्थ जर्नलमा मङ्गलवार प्रकाशित एउटा विश्लेषणमा यो भनिएको छ ।



न्युजिल्यान्डको ओटागो विश्वविद्यालय, बेलिंगटनको लोक स्वास्थ्य विशेषज्ञले उल्लेख गरेका छन् कि खोप, सार्वजनिक स्तरमा स्वास्थ्यको हेरचाह उपाय र यस लक्ष्यलाई प्राप्त गर्न वैश्विक रुचिले कोभिड–१९ उन्मूलन गर्ने सबै प्रयासलाई सम्भव बनाउँछ । उनले भने–यद्यपि प्रमुख चुनौती खोपको व्यापक दायरा सुनिश्चित गर्नु हो, जुन कोभिड–१९ बिमारीको कारक सार्स–सिओभी–२ को सबै स्वरूपविरुद्ध प्रतिरोधक क्षमतालाई तीव्र गतिले बढाउनुपर्छ ।

लेखकले कोभिड–१९ उन्मूलनको व्यावहारिकताको आकलन गरे र यसलाई दुनियाँभरिमा शून्य मामिलामा ल्याउने स्थायी उन्मूलनको योग्य बताए । उनले यो लक्ष्य प्राप्त गर्न सहयोगी प्रविधि, सामाजिक–राजनीतिक र आर्थिक कारक समेत थुप्रै पाटोको उपयोग गर्दै यसको तुलना दुई अन्य सङ्क्रामक रोग चेचक र पोलियासँग गरे जसको खोप उपलब्ध छ । उनले भने– विश्लेषणमा औसत अङ्क चेचकको लागि २.७, कोभिड–१९ को लागि १.६ र पोलियोको लागि १.५ थियो । सन् १९८० मा दादुरा (चेचक) उन्मूलन भएको घोषणा भएको थियो र पोलियो भाइरसको तीन स्वरूपमध्ये दुईलाई विश्व स्तरमा मेटाइएको थियो ।

# फ्लुको खोपबाट कोभिड सङ्क्रमण बढ्न रोक्न सकिने

फ्लुको खोपबाट कोरोनाको सङ्क्रमण बढ्न रोक्न सकिन्छ । साथै यसले स्ट्रोक र रगतको थक्का तथा सेप्सिसको खतरा पनि घटाउँछ । यो दाबी अमेरिकाको युनिभर्सिटी अफ मियामी मिलर स्कूल अफ मेडिसिनका वैज्ञनिकले गरेका हुन् ।




वैज्ञानिकको भनाइ छ, शोधको क्रममा जुन व्यक्तिलाई फ्लु अर्थात् इन्फ्लुएन्जाको खोप लागिसकेको थियो, उनीहरूलाई कोरोना भएपछि इमर्जेन्सी र आइसियुमा भर्ना हुने जोखिम कम भएको थियो ।

शोधको क्रममा थुप्रै ठूला देशमा रोगीको रेकर्ड जाँचिएको थियो । यसमा अमेरिका, युके, जर्मनी, इटाली, इजरायल र सिङ्गापुरका रोगी सामेल थिए । अनुसन्धानकर्ताले ७ करोडमध्ये ३७ हजार ३७७ रोगीलाई दुई समूहमा बाँडे ।

पहिलो समूहमा सामेल रोगीलाई कोरोनाबाट सङ्क्रमित हुनुभन्दा पहिले नै फ्लुको खोप दिइएको थियो भने दोस्रो समूहमा कोभिडका यस्ता रोगी थिए जसलाई यो खोप दिइएको थिएन ।

नतीजा आयो, जुन व्यक्तिले फ्लुको खोप लिएका थिएनन्, उनीहरूलाई आइसियुमा भर्ती हुने खतरा २० प्रतिशतसम्म थियो भने इमर्जेन्सीमा भर्ना हुने खतरा ५८ प्रतिशतसम्म, सेप्सिस हुने आशङ्का ४५ र स्ट्रोक हुने खतरा ५८ प्रतिशतसम्म थियो ।

मिलर स्कूलका प्रोफेसर देविन्दर सिंह भन्छन्–दुनियाँभरिमा अहिलेसम्म एउटा सानो आबादीले मात्र खोपको दुवै मात्रा लगाएको छ । यस्तोमा यो महामारीमा हुने मृत्युको सङ्ख्या र बिमारी घटाउन आवश्यक छ ।

शोधकर्ता बेन्जामिन स्लेविनको भनाइ छ, हाम्रो पूरै टीम फ्लु खोप र कोभिडका रोगीको सङ्ख्या घटाउनेबीच एउटा सम्बन्ध खोज्नमा लागेको छ ।

अनुसन्धानकर्ताको भनाइ छ, हामीले यो पत्ता लगाउने कोशिश गरेका थियौं कि कोरोनाका कति रोगीलाई नराम्रो स्थितिबाट बचाउन फ्लु खोप आवश्यक पर्छ । टीमले यस्ता १७६ रोगीलाई अलग गरे । यी रोगीलाई कोभिड भएको १२० दिनभित्र फ्लु खोप दिइएको थियो । यस खोपले मृत्युको खतरा कति घटाउँछ, त्यो भने पत्ता लागेको छैन ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## ग्रीसको इभियामा भीषण डढेलो

इभिया, ग्रीस, २६ साउन/एएफपी

ग्रीसको इभिया टापूको जङ्गलमा लागेको भीषण डढेलो नियन्त्रण गर्न अग्निनियन्त्रकहरू दिनरात सक्रियरूपमा लागेका छन् । इभिया टापूमा एक सातादेखि भीषण आगलागी भइरहेको छ । डढेलोका कारण हजारौं स्थानीयवासी नराम्ररी प्रभावित भएका छन्। ग्रीसको सरकारी टेलिभिजन टिभी अर्टले प्रसारण गरेका दृश्यहरू निकै भयानक देखिएका छन् । यी दृश्यमा अग्निनियन्त्रक र स्वयंसेवीहरू इस्टानिया शहर नजीकैको एउटा ठूलो रूखको आड लिएर निरन्तर आगो निभाउने कार्यमा खटेको देखाइएको छ जसले त्यस ठाउँबाट डढेलो गाउँतिर फैलन नपाओस् ।


डढेलो नियन्त्रित गर्न प्रयास गर्दै अग्निनियन्त्रकहरू । तस्वीरः एएफपी

त्यस रूख नजीकै एउटा विशाल आगोको ज्वाला देखिएको छ ।

डढेलो निरन्तर अघि बढेको भन्दै स्थानीय अधिकारीहरूले एभ्गारिया गाउँका बासिन्दालाई अन्यत्र जान आग्रह गरेका छन्। तर धेरैजसो स्थानीयवासी अटेर गरी घरमैं बस्न जिद्दी गरिरहेको एक स्थानीय अधिकारीले बताए ।

मध्य ग्रीसका गभर्नर फानिस स्पानोसले धेरैजसो गाउँले अन्यत्र स्थानान्तरित हुन इच्छुक भए पनि केहीले आगो निभाउने कार्यमा सेवा गरिरहेको बताए । स्पानोसले स्थानीयवासीको सहयोगका कारण धेरै गाउँ डढ्नबाट जोगिएको बताए । डढेलोका कारण इभिया, एथेन्स र ग्रीसका अन्य भागका सयौं घर ध्वस्त भइसकेका छन् । गत जुलाई अन्त्यदेखि शुरू भएको डढेलो रोकिने अझै सम्भावना देखिएको छैन ।

आगोबाट बच्न हजारौं मानिस अन्यत्र पलायन भएका छन् । सोमवार, आगो निभाउने कार्यमा सरकारले पर्याप्त ध्यान नदिएको भन्ने विपक्षीको आलोचनाबीच प्रधानमन्त्री किरियाकोस मिचोटाकिसले राष्ट्रका सामु क्षमा मागेका छन् र जिम्मेवार व्यक्तिलाई दण्ड दिने बताएका छन् । राज्यका तर्फबाट भएका कमजोरीप्रति म व्यक्तिगतरूपमा क्षमा माग्दछु, मिचोटाकिसले टेलिभिजनमा सम्बोधन गर्दै भने ।

ग्रीसका अधिकारीहरूका अनुसार इभियामा झन्डै ६५० जना अग्निनियन्त्रक अहिले आगो निभाउने कार्यमा खटेका छन् ।

ग्रीसेली अधिकारीहरूले विषम तापमानका निम्ति जलवायु परिवर्तन मुख्य कारक रहेको बताएका छन्। राष्ट्रसङ्घले सोमवार सार्वजनिक गरेको प्रतिवेदनमा तापमान वृद्धिले विगतमा सोचेभन्दा निकै बढी त्रास सिर्जना गरिरहेको जनाइएको छ। गत साता एथेन्स नजीकै दुई व्यक्तिको मृत्यु भएको थियो । जसमा एकजना अग्निनियन्त्रक थिए भने एकजना उद्योगी थिए। तेस्रो व्यक्ति भने बुल्डोजर चालक थिए। अरू धेरै व्यक्ति धूवाँ, पोलाइ र चोटपटकका कारण अस्पताल भर्ना भएका छन् ।

देशका धेरैजना मेयरले आगो निभाउन हेलिकप्टरजस्ता साधन प्रयोगमा हेलचेक्र्याइँ भएको आरोप लगाएका छन्। विपक्षी दलका नेता अलेक्सिस चिप्रासले ट्वीट गर्दै स्थानीय अधिकारी र नागरिक एक्लो भएको बताएका छन्। उनले सरकारले पर्याप्त सहयोग नगरेका कारण वनक्षेत्र तहसनहस भएको बताए ।

विपक्षी नेता चिप्रासको भनाइको प्रत्युत्तरमा प्रधानमन्त्री मिचोटाकिसले हालै मात्र ५८० भन्दा बढी स्थानबाट आगो शुरू भएको बताए। ग्रीसमा यति भयानक परिस्थिति कहिल्यै सिर्जना नभएको पनि बताए । अभूतपूर्व तातो हावा र लामो सुख्खालाई नियन्त्रण गर्न त्यति सम्भव थिएन, प्रधानमन्त्रीले भने ।

नागरिक सुरक्षा उपमन्त्री निकोस हार्डालियासले आगो निभाउन पानी बोक्ने हेलिकोप्टरहरूले पनि अनेक समस्या झेल्नुपरिरहेको बताए । उनले हावाको तीव्र वेग, बाक्लो धूवाँ र सीमित दृश्यताको कमीले समस्या देखिएको बताए। युरोपेली वन डढेलो सूचना केन्द्रले ग्रीसमा गत जुलाई २९ देखि अगस्त ७ सम्म ५६ हजार ६५५ हेक्टर वन क्षेत्र सखाप भएको जनाएको छ ।

नागरिक सुरक्षा अधिकारीहरूका अनुसार युरोपेली युनियन र अन्य मुलुकले ग्रीसको आगलागी नियन्त्रण गर्न हालसम्म २१ वटा विमान, २५० वटा सवारी साधन र १,२०० भन्दा बढी अग्निनियन्त्रकहरू पठाएका छन् । रासस

## अफगानिस्तानमा समस्या भयो –पाकिस्तानी विदेशमन्त्री

इस्लामाबाद, २६ साउन/सिन्हवा

पाकिस्तानका विदेशमन्त्रीले अफगानिस्तानबाट अमेरिका गैरजिम्मेवाररूपमा निस्केको बताएका छन् ।

पाकिस्तानका विदेशमन्त्री शाह मोहमद कुरेसीले अफगानिस्तानबाट अमेरिकाले आफ्नो सेना गैरजिम्मेवाररूपमा बाहिर निकालेकोले यो अवस्था आएको बताएका छन् ।

अमेरिका र नेटो सेना अफगानिस्तानबाट निस्केपछि त्यहाँको अवस्था अराजक बन्दै गएको उनले बताएका छन् ।

विदेशमन्त्री कुरेसीले भनेका छन्– अमेरिकाले आफ्नो र नेटो सेनालाई विना कुनै तयारी गैरजिम्मेवारीरूपमा निकालेकोले त्यहाँ तालिबानी विद्रोहीहरूले अराजकता मचाउन थालेको छन् ।

उनले सोमवार पाकिस्तानको इस्लामाबादमा आयोजना गरिएको पत्रकार सम्मेलनमा भने–अमेरिकाले आफ्नो र नेटो सेनालाई जिम्मेवार र व्यवस्थितरूपमा फिर्ता गरेको भए अहिलेको यो अराजक अवस्था आउने थिएन, तर अमेरिकाले यसतर्फ ध्यानै दिएन ।

हाल अफगानिस्तानबाट अमेरिकी र नेटो सैनिक फिर्ता भइरहेका समयमा देशैभरि हिंसा भएको र यसका कारण अराजकताको अवस्था आएको उनले बताए ।

अमेरिकाले व्यवस्थितरूपमा यहाँबाट सेना फिर्ता गर्ने योजना बनाउनुपर्नेमा त्यसो नगरेको र जसका कारण अहिले तालिबानीले देशमा हिंसा मचाइरहेको उनले बताए । अफगानिस्तानमा शान्ति स्थापनाका लागि विगतमा पाकिस्तानले पनि धेरै काम गरेको भन्दै उनले, तर अहिले आएर यहाँको शान्ति प्रक्रिया धरापमा परेकोमा पाकिस्तानलाई चिन्ता लागेको बताए । रासस

## अफगानिस्तानमा तालिबानीले विभिन्न स्थानमा कब्जा जमाउँदै

काबुल, २६ साउन/सिन्हवा

पछिल्ला केही सातायता अफगानिस्तानका तालिबानीले विभिन्न स्थानमा विजय हासिल गरेको भन्दै यहाँका सरकारी कार्यालय तथा विभिन्न प्रान्त कब्जा गरिरहेको बताएका छन् ।

उनीहरूका अनुसार हालसम्म तालिबानीले छ प्रान्तीय राजधानी कब्जा जमाउन सफल भइसकेको विभिन्न समाचारमा जनाइएको छ ।

उनीहरूले कब्जा गरेकामध्ये कुन्दुज पनि एक हो । यो सफलतालाई अफगानिस्तानका तालिबानीले निकै महत्त्वपूर्ण भनेका छन् ।

अफगानिस्तानमा पछिल्लो समयमा बिग्रँदो अवस्थाबीच युद्धविरामका लागि पनि केही अन्तरराष्ट्रिय अपिल भएकोमा त्यसलाई तालिबानी विद्रोहीले अस्वीकार गरेका छन् ।

तालिबानीले पछिल्लो समय अफगानिस्तानमा एकपछि अर्को मुख्य शहर कब्जा जमाइरहेकाले पनि यो अपिल अब आवश्यक नरहेको प्रतिक्रिया दिएका छन् । पछिल्ला दिनमा तालिबानीले अफगानिस्तानमा हमला बढाएका छन् । यसबीच अमेरिकी र अफगानी विमानले विद्रोहीमाथि कैयौं हवाई हमला गरेका छन् । अफगान अधिकारीले यी हमलामा कैयौं मानिसको ज्यान गएको बताएका छन् ।

तालिबानीले अमेरिकालाई अफगानिस्तानमा थप कारबाई नगर्न चेतावनी दिएका छन् । उत्तरी अफगानिस्तानका तीन शहरमाथि मात्र केही घण्टामा तालिबानीले कब्जा जमाएको खबर बाहिर आएपछि अमेरिकी सेनाले हवाई हमला गरेको थियो ।

कुन्दुजको स्थिति निकै अशान्त रहेको बताइएको छ । सामाजिक सञ्जालमा तालिबानी लडाकू कुन्दुज र सर–ए–पुलको सरकारी भवनमा प्रवेश गरेको बताइएको छ ।

अफगान सरकारी सुरक्षा बलले अझै पनि कुन्दुजमा तालिबानीसँग सङ्घर्ष गरिरहेको पाइएको छ । तालिबानी अधिकारीहरूले बागलान प्रान्तको राजधानी पुल–ए–खुमरीलाई निशाना बनाउने तयारी गरेको जानकारी दिएका छन् । रासस







### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे


## सरकारको पहिलो प्राथमिकता सबैलाई खोप –अर्थमन्त्री

काठमाडौं, २६ साउन/रासस

सरकारले कोरोनाविरुद्धको एक करोड मात्रा खोपको जोहो भइसकेको जानकारी दिएको छ। अर्थमन्त्री जनार्दन शर्माले प्रतिनिधिसभाको आजको बैठकमा देशको आर्थिक अवस्थाका बारेमा जानकारी दिंदै वर्तमान सरकारको एकमात्र प्रमुख प्राथमिकता खोप मात्रै भएको बताए ।


तस्वीरः रासस

प्रधानमन्त्री शेरबहादुर देउवाले सरकारको पहिलो, दोस्रो र तेस्रो प्राथमिकता खोप हो भन्नेमा जोड दिएको तथ्य पेश गर्दै अर्थमन्त्रीले आफूले कार्यभार सम्हालेको दिन नै खोप खरीदका लागि रु पाँच अर्ब निकासा गरेको उल्लेख गरे ।

संविधानप्रदत्त समाजवाद निर्माण गर्दै वर्तमान सरकारलाई जनताप्रति उत्तरदायी बनाउने सरकारको प्रमुख कार्यभार रहेको स्पष्ट पार्दै अर्थमन्त्री शर्माले लोकतान्त्रिक तथा सामाजिक न्यायको मार्गमा आफूहरू निरन्तर लागिपर्ने बताए ।

पूँजी निर्माणलाई सरकारले विशेष प्राथमिकतामा राखेको उल्लेख गर्दै उनले मूल्यवृद्धि नियन्त्रण, पूँजीगत खर्च बढाउने तथा आर्थिक वृद्धिको योजनालाई साकार बनाउने दृढता व्यक्त गरे। स्रोत सुनिश्चित नभई विभिन्न आयोजनाको शिलान्यास हुँदा र स्रोतको परिचालनमा विचलन हुने गरी योजना अगाडि सारिंदा अर्थतन्त्रमा समस्या परेको अर्थमन्त्रीको भनाइ छ ।

विप्रेषणलाई मुलुकको अर्थतन्त्र निर्माणमा परिचालन गर्नुपर्नेमा जोड दिंदै उनले उपभोग्य क्षेत्रमा खर्च हुँदा त्यसले नकारात्मक प्रभाव पारेको बताए । सार्वजनिक संस्थामा गरेको लगानीको प्रतिफल न्यून रहेको जानकारी दिंदै अर्थमन्त्रीले ती संस्थाको व्यवस्थापकीय सुधार गर्नुपर्नेमा जोड दिए ।

देशभर १८.७ प्रतिशत नागरिक गरीबीको रेखामुनि रहेको तथ्याङ्क पेश गर्दै अर्थमन्त्री शर्माले कोरोनाका कारण त्यसको मात्रामा वृद्धि भएकाले नीतिगत सुधार गरी गरीबी न्यूनीकरण गर्नु सरकारको प्राथमिकतामा रहेको बताए। आयोजना कार्यान्वयनमा रहेको कमजोरीका कारण राष्ट्रिय गौरवका आयोजना प्रभावकारी कार्यान्वयन हुन नसकेको स्पष्ट पार्दै उनले मेलम्ची खानेपानी आयोजना र माथिल्लो तामाकोशी त्यसको उदाहरण भएको उल्लेख गरे । भ्रष्टाचार नियन्त्रण गर्दै सुशासन कायम गर्न गम्भीर कदम चाल्नुपर्ने अवस्था आएको अर्थमन्त्रीको भनाइ थियो ।

## पौने ५ अर्बको केराउ, मरिच, सुपारी, छोहरा आयात

प्रस, परवानीपुर, २६ साउन/

वीरगंजको सुक्खा बन्दरगाह भन्सार नाकाबाट करीब पौने ५ अर्ब रुपैयाँको केराउ, सुपारी, मरिच छोहरा नेपाल भित्रिएको छ ।


तस्वीरः फाइल

गत आव २०७७/७८ मा रु ४ अर्ब ७७ करोड ६४ लाख ५ हजारको केराउ, मरिच, सुपारी र छोहरा भित्रिएको हो। मूल्यको आधारमा अघिल्लो आव २०७६/७७ भन्दा ३ गुणा कम मूल्यका सामान भित्रिएको देखिएको छ। अघिल्लो आवमा करीब १६ अर्ब रुपैयाँको यी चार वस्तु भित्रिएका थिए ।

सुक्खा बन्दरगाह भन्सारका सूचना अधिकारी चूडामणि शर्मा कट्टेलका अनुसार गत आव २०७७/७८ को ११ महीनामा जम्मा सवा दुई अर्ब रुपैयाँको सामान भित्रिएको थियो भने असार मसान्तमैं मात्र सरकारले कोटा वितरण गरेको सामान भित्रिंदा करीब अढाई अर्ब रुपैयाँको सामान भित्रिएको थियो। उनले गत आवको १२ महीनामा ४ अर्ब ४७ करोड ९० लाख ४ हजार मूल्यबराबरको ७ करोड ९४ लाख ४९ हजार ४९४ किलो केराउ आयात भएको छ । केराउमा भन्सार महसूल मात्र १० प्रतिशत छ ।

त्यसैगरी, १९ करोड ३० लाख ६ हजार मूल्यबराबरको १४ लाख ७२ हजार ८ सय किलो गत आवमा सुपारी सुक्खा बन्दरगाह नाकाबाट भित्रिएको तथ्याङ्क छ। सुपारीमा प्रतिकिलो रु ४५ भन्सार, साढे ८ प्रतिशत अन्तःशुल्क र १३ प्रतिशत मूल्य अभिवृद्धि कर लाग्छ ।

त्यसैगरी, सोही अवधिमा यो नाकाबाट ६ करोड ३२ लाख ३४ हजार मूल्यबराबरको ७ लाख ४८ हजार ८ सय २५ किलो छोहरा भित्रिएको छ । छोहरामा १० प्रतिशत भन्सार, ५ प्रतिशत अन्तःशुल्क र १३ प्रतिशत मूअक लाग्छ । त्यसैगरी, ७ करोड २२ लाख ६१ हजार मूल्यबराबरको १ लाख ६७ हजार किलो मरिच भित्रिएको छ। मरिच आयातमा २० प्रतिशत भन्सार र १३ प्रतिशत मूअक लाग्छ ।

यी सबै सामान अघिल्लो आव २०७६/७७ भन्दा ३ गुणाले कम आयात भएको छ । यसको कारण सरकारले हरेक वर्ष अस्वाभाविकरूपमा आयात गरी तस्करी गर्नतर्फ सक्रिय देखिएपछि भन्सार दरबन्दी बढाउँदै गएको छ ।

शुरूमा पछिल्लो दुई वर्षअघि विदेशबाट मरिच आयात गरी भारत तस्करी हुन्थ्यो भने त्यसमा सरकारले भन्सार बढाउँदै लगेर २० प्रतिशतमा पुऱ्याएको छ । जसले गर्दा अघिल्लो आवभन्दा करीब रु १ करोड कमको मरिच आयात भएको थियो भने सुपारीको आयात पनि अघिल्लो आवभन्दा रु २८ करोडले कम आयात भएको थियो। अघिल्लो वर्षमा रु ४७ करोडको सुपारी आयात भएको थियो भने गत आवमा रु १९ करोडको सुपारी आयात भएको थियो ।

त्यसैगरी, सबैभन्दा बढी कम गिरावट आउने वस्तु हुन्, केराउ र छोहरा। अघिल्लो वर्ष १४ अर्ब ३१ करोड ६ लाख १५ हजार मूल्यबराबरको केराउ आएको थियो भने गत वर्ष करीब साढे ४ अर्ब रुपैयाँको केराउ आयात भएको थियो ।

गत आवमा केराउमा भन्सार दर ८ प्रतिशतबाट बढेर १० प्रतिशत भएपछि आयात घटेको हो ।

त्यसैगरी, अघिल्लो वर्ष रु १ अर्ब १९ करोड १३ लाख ११ हजारको छोहरा आयात भएको थियो भने गत वर्ष करीब रु ६ करोड ३२ लाखको छोहरा भित्रिएको थियो । आँकडाले छोहराको तस्करीमा पनि सरकार लगाम लगाउन सफल भएको छ ।

अघिल्लो वर्ष सरकारले यी चार वस्तुबाट रु २ अर्ब ५ करोड ५७ लाख ९४ हजार राजस्व सङ्कलन गरेको थियो भने गत वर्ष जम्मा रु ५९ करोड ७६ लाख राजस्व सङ्कलन गरेको थियो । झन्डै १ अर्ब ४० करोड कम राजस्व सङ्कलन भएको थियो।

सरकारले २०७६ चैत २४ मा निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ को उपदफा (१) बमोजिम वस्तु पैठारीमा बन्देज लगाएको थियो । कोटा तोकेर आयात खुला गर्दा आयातकर्ता हौसिएका थिए। सरकारले गत आवको लागि केराउको आयात कोटा ८० हजार टन मात्रै तोकेको थियो। तर माग भने १४ लाख ७१ हजार ३३ टनको थियो ।

आयात परिमाण २५ हजार टन तोकिएको सुपारीको लागि करीब ५ लाख टनको निवेदन परेको थियो। व्यवसायीले तेस्रो मुलुकबाट आयात गरी भारत निर्यात गर्ने भएकाले केराउ आयातको परिमाण नेपालमा उच्च हुने गरेको छ । छोहरा पाकिस्तान र अरब मुलुकबाट ल्याइन्छ। श्रीलङ्काबाट आयात हुने मरिच भारत पुग्छ ।

सरकारले केराउ, सुपारी, मरिच र छोहराको आयात अस्वाभाविक भएको भन्दै चालू आवको करीब ९ महीना परिमाणात्मक बन्देज लगाएर यी चार वस्तुको आयात रोकेको थियो। तर गत चैत २५ गते सरकारले केही व्यवसायीलाई आयातको कोटा दिएको थियो।

औपचारिकरूपमा निवेदन मागेर कोटा वितरण गोप्यरूपमा गरेपछि सरकारको आलोचना पनि भएको थियो। सरकारले मुलुकमा खपतको आधारमा सुपारी २५ हजार टन, केराउ ८० हजार टन, मरिच १५ हजार टन र छोहरा ५ हजार टन मात्र आयात गर्ने गरी केही व्यवसायीलाई कोटा वितरण गरेको थियो।

अस्ट्रेलिया, श्रीलङ्का, अमेरिका, युक्रेन, क्यानडा, पाकिस्तानलगायत ठाउँबाट केराउ, मरिच, छोहरा, सुपारीलगायत सामान आयात गरी भारतीय सीमा बजारमा तस्करी हुँदा कतिपय व्यवसायी मालामाल बन्न यो धन्दामा लागेका छन् ।

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | सन्तानसुख | वृष | वाहनकष्ट |
| मिथुन | राज्यलाभ | कर्कट | धनलाभ |
| सिंह | अन्नलाभ | कन्या | अलमल |
| तुला | प्रसन्नता | वृश्चिक | पदोन्नति |
| धनु | ईश्वरभक्ति | मकर | रोगभय |
| कुम्भ | नारीसुख | मीन | शत्रुपराजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया



**नदीको जमीन मिचेर हुलासको पर्खाल** : नम्बरी जग्गा खरीद गरेको हुलास इन्फ्रा प्रालिले ऐलानी, सार्वजनिक एवं नदी किनाराका जग्गासमेत कब्जा गर्दै उद्योगको पर्खाल निर्माण गर्न थालेपछि स्थानीय बासिन्दा असन्तुष्ट छन्। पर्साको विन्ध्यवासिनी गाउँपालिका वडा नं २ स्थित निर्माणाधीन उद्योगले ढोङ्ही नदीको जमीन मिच्दै नदीको धार नै परिवर्तन गरेपछि वर्षात्मा नदीको बाढी गाउँमा पसेको स्थानीयको गुनासो छ । उद्योग पक्षले भने खरीद गरेकै जमीनमा पर्खाल निर्माण गरेको दाबी गर्दै आएको छ । तस्वीरः प्रतीक

# आन्तरिक व्यवस्थापनमा कक्षा एघारको परीक्षा लिंदै

प्रस, गरुडा, २६ साउन/

रौतहटका विभिन्न विद्यालयले आन्तरिक व्यवस्थापनमा कक्षा एघारको वार्षिक परीक्षा धमाधम लिइरहेका छन्। गरुडा नगरपालिका क्षेत्रमा रहेका सम्पूर्ण विद्यालयको परीक्षा एक साथ सम्पन्न भएको छ । नगरमा रहेका छवटा माध्यमिक विद्यालयले एक साथ परीक्षा सम्पन्न गरेका हुन् । सबै विद्यालयले सामूहिकरूपमा प्रश्नपत्र निर्माण गरी एउटै प्रश्नपत्रबाट नगरका सबै विद्यालयमा परीक्षा सम्पन्न गरेका छन्। परीक्षाको सम्पूर्ण व्यवस्थापन विद्यालयले नै गरेका थिए ।

रौतहटको गढीमाई नगरपालिकाको समनपुरस्थित शङ्कर गुदर माध्यमिक विद्यालयले आन्तरिक व्यवस्थापनमा कक्षा एघारको परीक्षा लिइरहेको छ ।

अन्य कक्षामा विद्यार्थीको उपस्थिति नहुने भएकाले विद्यालयमा खासै भीडभाड नहुने हुँदा परीक्षा सञ्चालन शान्तिपूर्ण किसिमले र विद्यालयले चाहेको समयमा व्यवस्थापन गर्न सजिलो भएको छ ।



तस्वीरः प्रतीक

कोरोना महामारीको समयमा विद्यालयहरू पूर्णतया बन्द रहे तापनि जिल्लाका अधिकांश विद्यालयले कक्षा एघारको परीक्षा लिएका छन्। कतिपयले परीक्षा लिने तयारी गरेका छन्। कक्षा बाह्रको परीक्षा स्थगित भएपछि कक्षा एघारको परीक्षा लिएर नतीजा प्रकाशन गर्ने कतिपय विद्यालयको तयारी रहेको छ ।

कक्षा एघारको परीक्षामा पनि राष्ट्रिय परीक्षा बोर्डले कायम गरेको रजिस्ट्रेशन नम्बर र सिम्बोल नम्बसहितको प्रवेशपत्र पनि सोही ढाँचाको हुनुपर्ने बताइएको छ ।

रौतहटमा कक्षा एघार र बाह्र पढाइ हुने करिब तीन दर्जन माध्यमिक विद्यालयहरु रहेका छन् ।

# मोटरसाइकल चोरी

प्रस, वीरगंज, २६ साउन/

वीरगंज महानगरपालिका-१६ नगवाबाट सोमवार राति मोटरसाइकल चोरी भएको छ ।

नगवा निवासी कमलेशप्रसाद कलवारको घरअगाडि पार्किङ गरी राखिएको अवस्थामा सोमवार राति पल्सर मोटरसाइकल चोरी भएको मोटरसाइकल धनी उदयकुमार बरैले जनाए । विद्युत् कटेको बेला राति ८ बजेतिर चोरहरूले मोटरसाइकल चोरी गरेको र यसबारेमा जिल्ला प्रशासन कार्यालयमा निवेदन दर्ता गराएको बरैले बताएका छन् ।




## निजी.........

काम रोकेको बताए ।

नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र वीरगंजका प्रमुख शम्भु कुशियत राय यादवसँग सोध्दा उनले यो कार्यमा आफ्नो संलग्नता नभएको बताए । उनले नयाँ लाइन तान्ने काम भइरहेको मलाई जानकारी पाएको बताउँदै, पुरानो संरचना सार्ने काम भइरहेको थाहा पाएपछि छानबीन गरिरहेको बताए ।

ठेकेदार र वडा अध्यक्षलाई कार्यालयमा बोलाएर स्पष्टीकरण सोध्ने उनले बताए ।

गाउँलेहरूले विद्युत् लाइन सार्न लाखौं रुपियाँको चलखेल भएको अशङ्का गरेका छन् ।

वितरण प्रमुख र वडा अध्यक्षले रकम लेनदेन नभएको दाबी गरेका छन्। वितरण केन्द्रमा पुरानो विद्युत् पोल सार्न थुप्रै निवेदन पर्दा पनि स्वीकृतिको झन्झटिलो प्रावधान रहेकोले सयौं ठाउँको संरचना नसारिएको तर पैसाको चलखेलमा रातारात पुराना संरचना मुसहर्वामा सारिएको पाइएको छ ।

# खेलकूदको संसार

## बन्द प्रशिक्षणका लागि राष्ट्रिय फूटबल टोली पोखरामा

कास्की, २६ साउन/रासस

नेपाली राष्ट्रिय पुरुष फूटबल टोली बन्द प्रशिक्षणका लागि पोखरा आएको छ ।

राष्ट्रिय टोलीका खेलाडी तथा अफिसियलसहितको टोली मङ्गलवार साँझ हवाईमार्गबाट पोखरा आएको हो। भोलिदेखि दुई साता पोखराको अन्तर्राष्ट्रिय फूटबल रङ्गशालामा बन्द प्रशिक्षण सञ्चालन हुनेछ ।

नेपाली टोली दक्षिण एशियाली फूटबलको सर्वोच्च प्रतियोगिता साफ च्याम्पियनसीपको तयारीमा छ । आगामी अक्टोबर १ देखि १३ तारिखसम्म माल्दिभ्समा सो प्रतियोगिता हुने तय भएको छ। टोलीलाई पोखरा विमानस्थलमा जिल्ला



तस्वीरः रासस

खेलकूद विकास समितिका अध्यक्ष तोरणबहादुर बानियाँ, जिल्ला फूटबल सङ्घका अध्यक्ष मिलन गुरुङलगायतले स्वागत गरेका थिए । राष्ट्रिय टोलीको बन्द प्रशिक्षणमा ३७ खेलाडीको सहभागिता रहने छन् ।

टोलीको प्रशिक्षणलाई लक्ष्य गरी कास्की जिल्ला फूटबल सङ्घले रङ्गशालामा आवश्यक सबै तयारी पूरा गरिएको छ। फूटबल रङ्गशालामा दुवो कटान, मैदान मार्किङलगायतका काम सम्पन्न गरिएको जिल्ला फूटबल सङ्घका अध्यक्ष गुरुङले जानकारी दिए । टोलीका प्रमुख प्रशिक्षक अब्दुल्लाह अलमुताइरीलगायतका अन्य प्रशिक्षकले प्रशिक्षण गराउनुहुनेछ ।

राजधानी बाहिर पर्यटकीय शहर पोखरामा सञ्चालन हुने प्रशिक्षणले खेलाडीलाई शारीरिक र मानसिकरूपमा तयार बन्न र उच्चस्तरको खेल प्रतिभा देखाउन सक्षम बनाउने विश्वास लिइएको छ । टोलीले पोखरामा अन्तर्राष्ट्रिय फूटबल रङ्गशालासहित नेपाली सेनाको विजयपुर ब्यारेक, सशस्त्र प्रहरीको खेल मैदान र सहारा एकेडेमीको मैदानमा अभ्यास गर्नेछ ।


यसअघि गत वर्ष माघमा तीन साता राष्ट्रिय टोलीको पोखरामा बन्द प्रशिक्षण सञ्चालन भएको थियो। सन् २०२२ मा कतारमा हुने विश्वकप फूटबल तथा चीनमा सन् २०२३ मा हुने एशियन कपको छनोट चरणको प्रतियोगिता अघि टोली पोखरा आएको थियो ।

# सिम्रौनगढको पौराणिक चित्रकलाको संरक्षणमा ढिलाइ

प्रस, सिम्रौनगढ, २६ साउन/

बारा जिल्लाको प्रसिद्ध ऐतिहासिक, पर्यटकीय एवं धार्मिकस्थल सिम्रौनगढस्थित रानीवास रामजानकी मन्दिरको भित्तामा कोरिएको मिथिला एवं तिरहुतिया संस्कृति झल्काउने पौराणिक कथामा आधारित चित्रकलाहरू मन्दिर रङ्गरोगन गर्ने क्रममा मेटिएका छन् ।

वीरगंजस्थित गुठी संस्थानद्वारा भएको मन्दिर रङ्गरोगन कार्यमा ती चित्रकला मेटिएका हुन् । पुरातात्त्विक नियम अनुसार जुन शैलीमा जेजस्तो अवस्थामा रहेको आवरणलाई पुनः सोही शैलीमा निर्माण गर्नुपर्ने भएपनि रङ्गरोगन भएको धेरै दिन भइसक्दा पनि अझैसम्म सो चित्रकला कोरिएको छैन ।



रानीवास रामजानकी मन्दिरको भित्तामा कोरिएका पौराणिक चित्र। तस्वीरः रामेश्वर मेहता

मिथिला एवं तिरहुत संस्कृति झल्काउने पौराणिक कथामा आधारित चित्रकला हेर्न पर्यटकहरू मुख्यरूपमा रमाउने गर्दथे । सिम्रौनगढमा आउने आन्तरिक तथा बाह्य पर्यटकहरू आधा/एक घण्टासम्म यही चित्रकला हेर्न झुम्मिने गर्दथे ।

गुठी संस्थान वीरगंजका प्रमुख चूडामणि घिमिरेले छिट्टै बजेट निकासा गरेर सो चित्रकला बनाउनेतर्फ पहल भइरहेको बताए ।

मिथिला र तिरहुत संस्कृति झल्काउने पौराणिक कथामा आधारित चित्रकलाहरू मन्दिरमा विसं १९७७ मा तत्कालीन राणा प्रधानमन्त्री जङ्गबहादुर राणाका छोरा जीतजङ्ग जबराले निर्माण गराएको सिम्रौनगढ क्षेत्र पर्यटन प्रवर्द्धन विकास समितिले जनाएको छ ।

# छात्रालाई साइकल वितरण

प्रस, वीरगंज, २६ साउन/

प्रदेश सरकारको बेटी पढाऊ बेटी बचाऊ कार्यक्रम अन्तर्गत मङ्गलवार बारा जिल्लाको कोल्हवी नगरपालिकामा ४३ जना छात्रालाई साइकल वितरण गरिएको छ ।



कोल्हवी नगरपालिका-६ स्थित जनता मावि ककडी प्रसौनामा अध्ययनरत ४३ जना छात्रालाई कार्यक्रमका प्रमुख अतिथि प्रदेशसभा सदस्य त्रिलोकी चौधरीले साइकल वितरण गरेका थिए ।

उनले प्रदेश सरकारको यो कार्यक्रम छोरी पढाउने सवालमा निकै प्रभावकारी रहेको दाबी गरे । उनले छोरीहरूलाई अगाडि बढाउन प्रदेश सरकारले विभिन्न खाले योजना अगाडि सारेको र आगामी दिनमा पनि त्यसलाई निरन्तरता दिने बताए ।

कार्यक्रममा वडाध्यक्ष तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पुरनदेव चौधरी, सदस्यहरू रामावतीदेवी चौधरी, देवरानीदेवी साह, नन्दकिशोर चौधरी, पलट चौधरी, उपस्वास्थ्य चौकी प्रमुख मोहन चौधरी, विद्यालयका निमित्त प्रधानाध्यापक गुरुप्रसाद चौधरीलगायतको सहभागिता थियो ।

कार्यक्रममा रमाकान्त चौधरीले स्वागत र राधा चौधरीले सहजीकरण गरेकी थिइन् ।